सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१६ असार २०८०, शनिबार (1 July 2023, Saturday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक ७९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

२८ घन्टापछि खुल्यो मुग्लिन–नारायणगढ सडक

जोखिम अझै कायमै

भरतपुर/ पहिरो खसेपछि अवरुद्ध नारायणगढ-मुग्लिन सडक २८ घन्टापछि सञ्चालनमा आएको छ। चितवनको इच्छाकामना गाउँपालिका- ५ को ३ नम्बर पुलनजिक पहिरो खस्दा बिहीबार दिउँसो १ बजेर २० मिनेटमा अवरुद्ध सडक शुक्रबार साँझ साढे ५ बजे मात्र सञ्चालनमा आएको हो। सडक अवरुद्ध हुँदा काठमाडौं भित्रिने र काठमाडौंबाट बाहिरिने सवारीसाधन बीच बाटोमै रोकिँदा यात्रु अलपत्र परेका थिए। पहिरोका कारण १० हजारभन्दा धेरै यातायातका साधन रोकिएको र सुरु भएसँगै गन्तव्यतिर लागेको जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख रामेश्वर कार्कीले बताए। पहिरो पन्छाएर सडक सञ्चालनमा ल्याइए पनि वर्षा भइरहेकाले फेरि पहिरो खस्ने भय रहेको उनले बताए। तस्बिर सौजन्य : भरतपुर सडक डिभिजन कार्यालय

बालुवाटार जग्गा प्रकरण : पूर्वगृहसचिव मलेगो पनि तानिए अनुसन्धानमा

मलेगोसहित पूर्व र बहालवाला गरी १७८ कर्मचारी सिआइबी छानबिनमा



नारायणगोपाल मलेगो

नवराज मैनाली/नयाँ पत्रिका

ललितानिवास जग्गा हिनामिना प्रकरणमा पूर्वगृहसचिव नारायणगोपाल मलेगो पनि प्रहरीको छानबिनमा तानिएका छन्। यससम्बन्धी निर्णय प्रक्रियामा उनको पनि भूमिका देखिएको छ। मलेगोसहित पूर्व र वहालवाला गरी १७८ कर्मचारी सिआइबीको छानबिनमा छन्।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) बालुवाटारस्थित एक सय ४३ रोपनी सरकारी जग्गा हिनामिनाको फाइल फेरि खोलेर अभियोजनको अन्तिम चरणमा छ। यो प्रकरणमा संलग्नलाई धमाधम बयानमा बोलाउने तयारी छ। जसमा मलेगो पनि सिआइबी अनुसन्धानको घेरामा छन्।

२९ चैत ०६६ को मन्त्रिपरिषद् निर्णयका आधारमा बालुवाटारस्थित विशिष्ट व्यक्तिको निवास विस्तारबाट थप करिब

» पृष्ठ ११ मा क्रमशः

■ अभियुक्तको बयान सुरु, संगठित अपराध मुद्दा पनि आकर्षित हुने

ललितानिवास जग्गा प्रकरणमा मंगलबार पक्राउ परेका चार अभियुक्तको प्रहरीले बयान लिन सुरु गरेको छ। शुक्रबारदेखि मीनबहादुर गुरुङ, गोपाल कार्की र धर्मप्रसाद गौतमको बयान सुरु भएको हो। अर्का अभियुक्त सुधीरकुमार शाहले भने बयान दिन अस्वीकार गरेका छन्। आफूले सर्वोच्चमा बन्दी प्रत्यक्षीकरणको रिट दिएको र त्यसमा आदेश आएपछि मात्र बयान दिने उनको भनाइ छ।

योजनाबद्ध रूपमा धेरैजना मिलेर गरिएको अपराध भएकाले यसमा संगठित अपराध मुद्दामा पनि प्रहरीले अनुसन्धानको तयारी गरेको छ। चरणबद्ध रूपमा धेरैजना मिलेर गरेको ठूलो अपराध भएकाले संगठित अपराधको कसुरमा पनि अनुसन्धान गर्न लागिएको सिआइबीकी निर्देशक एआइजी किरण बज्राचार्यले बताइन्। 'यो अपराधको प्रकृति संगठित किसिमको छ,' उनले भनिन्, 'त्यसकारण संगठित अपराधतर्फ पनि लैजानुपर्छ भनेर सरकारी वकिलसँग छलफल सुरु गरेका छौं।'



● किरण बज्राचार्य
सिआइबी निर्देशक

यो अपराधको प्रकृति संगठित किमिसको छ। त्यसकारण संगठित अपराधतर्फ पनि लैजानुपर्छ भनेर सरकारी वकिलसँग छलफल सुरु गरेका छौं।

संगठित अपराध कसुरमा प्रहरीले अभियुक्तलाई ६० दिनसम्म थुनामा राखेर प्रमाण संकलन गर्न पाउँछ। किर्ते मात्र मुद्दामा यस्तो अवधि अधिकतम २५ दिन हुन्छ। अर्कोतर्फ संगठित अपराधमा सजाय पनि सम्बन्धित अपराधमा हुने सजायमा ५०% थप हुन्छ। नेता, कर्मचारी, व्यापारी र बिचौलिया मिलेर गरेको अपराध भएकाले यो प्रथमदृष्टिमै संगठित अपराध भएको प्रहरी अधिकारी बताउँछन्।

नेता, उच्चपदस्थ कर्मचारी र भूमाफियाको मिलेमतोमा चारपटक गरेर बालुवाटारको एक सय ४३ रोपनी जग्गा व्यक्तिको नाममा लगिएको थियो। पाँच वर्षदेखि सिआइबीले यसको अनुसन्धान गर्दै आएकोमा दबाबका कारण मुद्दा दायर हुन सकेको छैन।

आयल निगमका पूर्वकार्यकारी निर्देशक खड्का भ्रष्टाचारी ठहर



गोपालबहादुर खड्का

खड्कालाई एक वर्ष तीन महिना कैद, नौ करोड १९ लाख ६ हजार रुपैयाँभन्दा बढी बिगोबमोजिम जरिवाना, घरजग्गा, बैंक मौज्दात, सेयरसमेतका सम्पत्ति जफत, खड्काकी श्रीमती शर्मिला तथा अमिता लामा सोदेम्बाको नाममा रहेको सम्पत्ति पनि जफत

शिल्पा कर्ण/नयाँ पत्रिका

विशेष अदालतले गैरकानुनी सम्पत्ति आर्जनको मुद्दामा नेपाल आयल निगमका पूर्वकार्यकारी निर्देशक गोपालबहादुर खड्कालाई दोषी ठहर गरेको छ। विशेषका अध्यक्ष श्रीकान्त पौडेल तथा सदस्यद्वय शालिग्राम कोइराला र खुसीप्रसाद थारूको इजलासले उनलाई एक वर्ष तीन महिना कैद हुने सजाय सुनाएको छ। खड्कासमेत चारलाई प्रतिवादी बनाउँदै अख्तियारले २३ पुस ०७५ मा दायर गरेको मुद्दा शुक्रबार फैसला आएको हो।

विशेषका प्रवक्ता तथा उपरजिस्ट्रार दीपेन्द्रनाथ योगीले गोपाल खड्काको नाममा रहेको नौ करोड १९ लाख ६ हजार रुपैयाँभन्दा बढी बिगोबमोजिम जरिवाना हुने फैसला भएको बताए। उनका अनुसार खड्काको समेत घरजग्गा, बैंक मौज्दात, सेयरसमेतका सम्पत्ति पनि जफत हुने फैसला छ।

भ्रष्टाचार मुद्दामा दोषी ठहरिने खड्का निगमका तेस्रो महाप्रबन्धक

यसबाहेक मुद्दामा जफत प्रयोजनका लागि प्रतिवादी बनाइएकी गोपालकी श्रीमती शर्मिला खड्का तथा अमिता लामा सोदेम्बाको नाममा रहेको सम्पत्ति जफत हुने भएको छ। 'प्रतिवादीकी श्रीमती शर्मिला खड्काका नाममा रहेको कित्ता नं. १४२२ र १४२३ मा रहेको घरजग्गा पनि जफत हुनेछ। अर्की प्रतिवादी अमिता लामाको नाममा रहेका वादी पक्षले मागदाबी लिएबमोजिमका जग्गाजमिनसमेतका सम्पत्ति जफत हुने फैसलामा छ,' योगीले भने।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले खड्काविरुद्ध १८ करोड ६६ लाख रुपैयाँभन्दा बढीको गैरकानुनी सम्पत्ति रहेको देखाउँदै मुद्दा चलाएको थियो।

» पृष्ठ ११ मा क्रमशः

झन् नयाँ

हिमाली क्षेत्रमा बहुपति प्रथा

कति भ्रम, कति वास्तविकता ?



हिमालतिर

● कमल मादेन

भारतीय नेताहरू आफूलाई किन 'एकल' देखाउँछन् ?



विश्व

● सुबासिनी राज

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

केन्द्रसहित सातै प्रदेशमा एमाले प्रतिपक्षी

कुन प्रदेशमा कहिले सरकारबाहिर ?

- **कोसी** : हिक्मत कार्की - १५ असार ०८०
- **लुम्बिनी** : लीला गिरी - ११ वैशाख ०८०
- **गण्डकी** : खगराज अधिकारी - ९ वैशाख ०८०
- **सुदूरपश्चिम** : राजेन्द्रसिंह रावल - २६ माघ ०७९
- **कर्णाली** : २६ चैतमा सरकारबाहिर
- **मधेस** : २१ चैतमा सरकार छाड्यो
- **बागमती** : १० चैतमा सरकारबाट बाहिरियो
- **संघः** १० पुसमा सहभागी एमाले १५ फागुनमा सरकारबाट बाहिर।

प्रदेश सभामा एमाले शक्ति कति ?

- कोसी प्रदेश सभा ९५, एमाले ४० (पहिलो)
- मधेस प्रदेश सभा १०७, एमाले २३ (पहिलो)
- बागमती प्रदेश सभा ११०, एमाले २७ (दोस्रो)
- गण्डकी प्रदेश सभा ६०, एमाले २२ (दोस्रो)
- लुम्बिनी प्रदेश सभा ८७, एमाले २९ (पहिलो)
- कर्णाली प्रदेश सभा ४०, एमाले १० (तेस्रो)
- सुदूरपश्चिम प्रदेश ५३, एमाले १० (तेस्रो)

शुरोजंग पाण्डे/नयाँ पत्रिका

कोसी प्रदेशमा सरकारको नेतृत्व गुमाएसँगै संघीय संसद्को दोस्रो ठूलो दल एमाले केन्द्रसहित सातै प्रदेशमा प्रमुख प्रतिपक्षी बेन्चमा पुगेको छ। कोसीमा मुख्यमन्त्री हिक्मत कार्कीले शुक्रबार विश्वासको मत लिन असफल भएसँगै एमाले सातवटै प्रदेशमा सत्ताबाहिर भएको हो।

गत १५ फागुनबाट केन्द्र सरकारबाट सुरु भएको सरकारबाट बाहिरिने चारमहिने शृंखला कोसीमा गएर टुंगिएको छ। राष्ट्रपति निर्वाचनको पूर्वसन्ध्यामा अचानक समीकरण बदलिएपछि सत्ता राजनीतिमा एमालेले ठूलो धक्का खाएको हो। मधेसमा जसपा नेतृत्वको सरकारलाई विश्वासको मत दिए पनि एमालेले कोसीमा निर्णायक मानिएको जसपाको मत पाएन र आफ्नो नेतृत्वको सरकार जोगाउन सकेन।

४ मंसिरको निर्वाचनपछि १० पुसमा प्रधानमन्त्री बनेका माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले दुई महिनामै सहकार्य टुटाएर कांग्रेस र एकीकृत समाजवादीसहितको पुरानै मोर्चामा फर्किएपछि एमाले केन्द्र हुँदै सबै प्रदेशमा सरकारबाहिर भएको हो। सोही कारण बहुमतका लागि एक मत कम रहेको कोसी प्रदेश जोगाउने एमालेको पछिल्लो प्रयास असफल भएको छ।

एमाले उपाध्यक्ष तथा संसदीय दलका उपनेता सुवास नेम्वाङले एमालेविरुद्धको चुनावअधिदेखिकै गठबन्धन ब्युँतिएर प्रभावकारी बन्दै जाँदा संसदीय अभ्यासमा

» पृष्ठ ११ मा क्रमशः

कोसीमा नयाँ सरकार गठनको गृहकार्य, नेतृत्वमा हानथाप



कोसी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले शुक्रबार प्रदेश सभामा राखेको विश्वासको मतको प्रस्तावमा मतदान गर्दै सत्तापक्षका सदस्य। तस्बिर : रासस

मुख्यमन्त्रीका लागि कांग्रेस र माओवादीको आ-आफ्नै दाबी

विराटनगरमा **गणेश लम्साल**

विश्वासको मत पाउन नसकेर एमाले नेतृत्वको सरकार ढलेसँगै कोसीमा नयाँ सरकार गठनको गृहकार्य सुरु भएको छ। तर, सरकारको नेतृत्व कसले लिने भन्नेबारे गठबन्धनभित्रै हानथाप छ।

माओवादी र जसपा एक महिनाअघि सरकारबाट बाहिरिएर समर्थन फिर्ता लिएसँगै अल्पमतमा परेका मुख्यमन्त्री हिक्मत कार्कीले शुक्रबार प्रदेश सभामा शक्ति परीक्षण गराएका थिए। तर, विश्वासको मत विभाजनमा उपस्थित ८९ सांसदमध्ये ४६ मत मात्र पाएपछि उनी नेतृत्वको सरकार गुमेको छ।

बहुमतका लागि ४७ मत पाउनुपर्नेमा उनको पक्षमा ४६ र विपक्षमा ४३ मत खसेका थिए। जसपाकी निर्मला लिम्बू अनुपस्थित रहिन् भने माओवादीका प्रमुख सचेतक नारायण बुर्जामगर र कांग्रेसकी मीना तामाङ अस्वस्थ भएको भन्दै मतदानमा अनुपस्थित रहे।

एमाले संसदीय दलका नेता कार्की २४ पुस ०७९ मा माओवादी, जसपा र राप्रपाको समर्थनमा मुख्यमन्त्री नियुक्त भएका थिए। तर, संघमा समीकरण फेरिनुका साथै पहिचानसहितको नामकरणको विषयले जसपा र

» पृष्ठ ११ मा क्रमशः

के छ अंकगणित ?

कोसीमा नयाँ सरकार गठनको अंकगणित निकै जटिल छ। सरकार बनाउन बहुमतको अंक ४७ हो। तर, सभामुखबाहेक सत्तागठबन्धनसँग र एमाले-राप्रपासँग ४६-४६ सांसद छन्। सरकार गठनमा सभामुखको भूमिका के हुन्छ ? यसले धेरै विषय निर्धारण गर्नेछ। ९५ सदस्यीय प्रदेश सभामा हाल एमालेका ४० र राप्रपाका ६ जना गरी यो गठबन्धनमा ४६ सांसद छन्। त्यसैगरी, कांग्रेसका २९, माओवादीका १२, एकीकृत समाजवादीका चार र जसपाका एक गरी सत्तागठबन्धनमा पनि ४६ सांसद छन्। सभामुख माओवादीबाट निर्वाचित हुन्। सरकार बनाउन ४७ जना सांसद चाहिन्छ। सभामुखले निर्णायक मत हाल्न पाउने संवैधानिक प्रावधान छ। सत्तागठबन्धनले सभामुखको हस्ताक्षरसहित सरकार बनाउन दाबी गर्ने तयारी गरेको छ। प्रदेश प्रमुख परशुराम खापुङ आफ्नै पक्ष (जसपा)बाट भएकाले गठबन्धनले सभामुखसहितको हस्ताक्षर संकलन गरेर नयाँ सरकारका लागि प्रस्ताव पेस गर्न सक्नेछ। तर, एमालेले भने नयाँ सरकार गठनका लागि दाबी गर्दा सभामुखको हस्ताक्षर प्रयोग गर्न नमिल्ने बताएको छ।

■ अन्तरप्रदेश मुख्यमन्त्री बैठक

प्रहरी समायोजन र निजामती ऐन जारी गर्न तथा जग्गाको स्वामित्व प्रदेशलाई दिन संघसँग माग



कास्कीमा **रोहितराज पराजुली**

प्रदेशका मुख्यमन्त्रीले प्रहरी समायोजन अविलम्ब गर्न संघीय सरकारको ध्यानाकर्षण गराएका छन्। प्रदेशमा नेपाल प्रहरीको समायोजन हुन नसक्दा शान्ति सुरक्षा कायम राख्न, विपत् व्यवस्थापनमा सुरक्षाकर्मी परिचालन गर्न र सुरक्षा निकायसँग समन्वय गर्न समस्या भइरहेकाले तत्काल प्रहरी समायोजन हुनुपर्ने उनीहरूको भनाइ छ।

गण्डकी प्रदेशको आयोजनामा पोखरामा भएको अन्तरप्रदेश मुख्यमन्त्री बैठकले संघीय निजामती ऐनलगायत कानुन बनाउन तथा प्रदेश सरकारका कार्यालय रहेका भवन र भवन परिसरको जग्गाको स्वामित्व प्रदेश सरकारमा आउने

» पृष्ठ ११ मा क्रमशः

समन्वय परिषद्को पहिलो बैठक आज

तीन तहकै सरकारका साझा अधिकारमा कानुन, नीति बनाउनेदेखि ठूला आयोजना कार्यान्वयनमा तीनवटै सरकारबीच समन्वय गर्ने अधिकारसम्पन्न राष्ट्रिय समन्वय परिषद्को पहिलो बैठक शनिबार पोखरामा बस्दै छ। ०७७ मा तीन तहका सरकारबीच कार्यात्मक समन्वयका लागि संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन जारी भएसँगै परिषद् कार्यान्वयनमा आए पनि अहिलेसम्म बैठक बस्न सकेको थिएन।

प्रधानमन्त्रीको अध्यक्षतामा रहने परिषद्मा संघका अर्थ, गृह, कानुन र संघीय मामिलामन्त्री, प्रतिनिधिसभाको विपक्षी दलका नेता, सातवटै प्रदेशका मुख्यमन्त्री र पालिका तथा जिल्ला समन्वय समितिका सात जनप्रतिनिधि सदस्य रहने कानुनी व्यवस्था छ। शुक्रबार पोखरामा भएको मुख्यमन्त्रीहरूसँगको भेलामा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले तीन तहका सरकारबीच कार्यात्मक समन्वयका लागि संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ कार्यान्वयनमा आइसकेको र सोही ऐनबमोजिम पहिलो बैठक बस्न लागेको बताएका थिए।

प्रधानमन्त्री प्रचण्डका राजनीतिक सल्लाहकार हरिबोल गजुरेलले तीन तहबीचका अस्पष्टता र साझा अधिकारमा कानुन, नीतिको गाँठो फुकाउन बैठकले भूमिका खेल्ने बताए।

ठगी मुद्दामा पूर्वसांसद रौनियार पक्राउ

काठमाडौं / क्रसर उद्योग बिक्री गर्ने आश्वासनमा पैसा लिएर ठगी गरेको आरोपमा पूर्वसांसद तथा पप्पु कन्स्ट्रक्सनका मालिक हरिनारायण रौनियार पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय बाँकेले उनलाई शुक्रबार काठमाडौंबाट पक्राउ गरेको हो । बाँकेका एसपी सन्तोषसिंह राठौरका अनुसार गत १० वैशाखमा उनीविरुद्ध अदालतबाट पक्राउ पुर्जी जारी भएको थियो । रौनियारको जानकी गाउँपालिका- ६ बाँकेमा भोले बाबा कन्स्ट्रक्सन नामक क्रसर उद्योग छ । सो उद्योग बिक्री गर्ने भन्दै उनले कोलहपुरका शोभाराम यादवलाई ठगी गरेको घटनामा पक्राउ पुर्जी जारी भएको हो ।

०७६ को माघमा रौनियार र यादवबीच सो कम्पनी खरिद-बिक्रीका लागि सम्झौता भएको थियो । सम्झौतापछि तत्कालै रौनियारलाई ९५ लाख नगद दिएको यादवको दाबी छ । तर, वर्षौं बित्दा पनि उद्योग पनि नदिएको र पैसा पनि फिर्ता नगरेको यादवको दाबी छ ।

GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL

कर्जा सुरक्षण बापतको धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरूरी सूचना

प्रकाशित मितिः २०८०/०३/१६

यस गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)को प्रधान कार्यालयबाट तपाई ऋणीले तपसिलमा उल्लेखित अचल सम्पत्ति धितो सुरक्षण दिई कर्जा लिनु भएकोमा उक्त कर्जाको लिखत बमोजिम यस वित्तीय संस्थामा बुझाउनु पर्ने मासिक साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै-दस्तुर समेत नबुझाई ऋण कर्जा सम्बन्धी शर्त एवं बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा तपाईलाई पटक पटक लिखित मौखित तथा घर ठेगानामा समेत आई तरताकेता गर्दा समेत सो ऋण कर्जाको किस्ता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोमा सो सम्बन्धमा कर्जाको सम्पुर्ण साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै-दस्तुरहरु समेत चुक्ता भुक्तान गर्न आउने सम्बन्धि ३५(पैतिस) दिने सूचना प्रकाशित गर्दा समेत ऋण कर्जाको सम्पुर्ण साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै-दस्तुरहरु समेत चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरि बस्नु भएकोले कर्जा लिंदा धितो सुरक्षण स्वरुप लेखिदिएको तपसिल बमोजिमको धितो जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा लिलाम बिक्री गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको १५(पन्ध्र) दिन भित्र यस वित्तीय संस्थामा उपस्थित भई ऋणीले यस वित्तीय संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पुर्ण साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै-दस्तुरहरु नबुझाएमा प्रचलित अन्य ऐन कानून एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(१) को अधिकार प्रयोग गरी ऋण कर्जा लिंदा धितो सुरक्षण स्वरुप लेखिदिएको तपसिल बमोजिमको अचल सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र द्वारा लिलाम बिक्री गरिने हुँदा उल्लेखित अचल सम्पत्ति लिलाममा खरिद गर्न ईच्छुक महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस वित्तीय संस्थाको का.जि.का.म.न.पा. वडा नं. १ हात्तिसार स्थित प्रधान कार्यालयमा कार्यालय समय भित्र शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ । साथै तपसिल बमोजिमको धितोबाट यस संस्थाको लेना रकम असुल उपर नभएमा ऋणी तथा व्यक्तिगत जमानी दिनेको घर घराना, चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिने तथा नेपाल राष्ट्र बैंकको निर्देशानुसार कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समेत समावेश गरिने व्यहोरा सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानीकर्ता समेतलाई यसै सूचना मार्फत जानकारी गराईन्छ ।

तपसिल

क्र.सं	कर्जावालाको विवरण	सुरक्षण वापत धितोको विवरण	व्यक्तिगत जमानीकर्ता
१.	अम्बे लेमिनेट्स इण्डष्ट्रिज नेपाल प्रा.लि. ठेगानाः काभ्रेपलाञ्चोक जिल्ला बनेपा न.पा. वडा नं. ११, बुडोल अख्तियार प्राप्त व्यक्तिः रामकाजी पौडेल दर्ता नं. ७५१५७/०६७/०६८ दर्ता मितिः २०६७/०४/३० पान नं. ३०४२९८१८५ पान दर्ता मितिः २०६७/०४/३१ कर्जाः व्यापारिक	चेत नाथ पौडेलको बुहारी जनक बहादुर थापाको छोरी रामकाजी पौडेलको एकाघरकी श्रीमती सिन्धुपाल्चोक जिल्ला रामे्च गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं. १३ बस्ने सीता थापा पौडेलको नाममा मा.पो.का ललितपुरमा एकलौटी दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला झरुवारासि गा.वि.स. वडा नं. ७ाक कि.नं. ३५१ र ३५० को क्षेत्रफल क्रमशः २-१३-०-० र ०-४-०-० को घरजग्गा र सो घरजग्गाले चर्चेको तथा भविष्यमा चर्चने लिगलगापात समेत ।	१. नामः रामकाजी पौडेल ठेगानाः सिन्धुपाल्चोक जिल्ला रामे्च गा.वि.स. वडा नं.३ हाल ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं. १३ बाजे : बद्री नाथ पौडेल बाबु : चेत नाथ पौडेल ना.प्र.नं. ३१३२१५८६४७ जारी मिति : २०४४/०४/१९ जि.प्र.का. सिन्धुपाल्चोक २. नामः सीता थापा ठेगानाः सिन्धुपाल्चोक जिल्ला रामे्च गा.वि.स. वडा नं.३ हाल ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं. १३ ससुरा : चेत नाथ पौडेल बाबु : जनक बहादुर थापा पतिः रामकाजी पौडेल ना.प्र.नं. ३१३६१६८४८ जारी मिति : २०४४/१२/२१ जि.प्र.का. सिन्धुपाल्चोक
२.	मल्टिपल इन्भेष्टमेण्ट कम्पनी प्रा.लि. ठेगानाः ललितपुर जिल्ला, झरुवारासि वडा नं. ०९, बज्रबाराही अख्तियार प्राप्त व्यक्तिः रामकाजी पौडेल दर्ता नं. ४७८११/०६४/०६५ दर्ता मितिः २०६४/०५/१४ पान नं. ३०२७०६०८८ पान दर्ता मितिः २०६४/०५/२३ कर्जाः व्यापारिक	चेत नाथ पौडेलको बुहारी जनक बहादुर थापाको छोरी रामकाजी पौडेलको एकाघरकी श्रीमती सिन्धुपाल्चोक जिल्ला रामे्च गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं. १३ बस्ने सीता थापा पौडेलको नाममा मा.पो.का ललितपुरमा एकलौटी दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला झरुवारासि गा.वि.स. वडा नं. ७ाक कि.नं. ३५१ र ३५० को क्षेत्रफल क्रमशः २-१३-०-० र ०-४-०-० को घरजग्गा र सो घरजग्गाले चर्चेको तथा भविष्यमा चर्चने लिगलगापात समेत ।	१. नामः रामकाजी पौडेल ठेगानाः सिन्धुपाल्चोक जिल्ला रामे्च गा.वि.स. वडा नं.३ हाल ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं. १३ बाजे : बद्री नाथ पौडेल बाबु : चेत नाथ पौडेल ना.प्र.नं. ३१३२१५८६४७ जारी मिति : २०४४/०४/१९ जि.प्र.का. सिन्धुपाल्चोक २. नामः सीता थापा ठेगानाः सिन्धुपाल्चोक जिल्ला रामे्च गा.वि.स. वडा नं.३ हाल ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं. १३ ससुरा : चेत नाथ पौडेल बाबु : जनक बहादुर थापा पतिः रामकाजी पौडेल ना.प्र.नं. ३१३६१६८४८ जारी मिति : २०४४/१२/२१ जि.प्र.का. सिन्धुपाल्चोक
३.	मल्टिपल इन्भेष्टमेण्ट कम्पनी प्रा.लि. ठेगानाः ललितपुर जिल्ला, झरुवारासि वडा नं. ०९, बज्रबाराही अख्तियार प्राप्त व्यक्तिः रामकाजी पौडेल दर्ता नं. ४७८११/०६४/०६५ दर्ता मितिः २०६४/०५/१४ पान नं. ३०२७०६०८८ पान दर्ता मितिः २०६४/०५/२३ कर्जाः व्यापारिक	गुडविल फाइनान्स लि. धनी भई ऋणी मल्टिपल इन्भेष्टमेण्ट कम्पनी प्रा.लि. को नाममा यातायात व्यवस्था कार्यालय बागमती प्रदेश, ललितपुरमा दर्ता कायम रहेको ई.नं. E005100 चेसिस नं. MDHFBAD15K4001438, बनेको साल २०२०, दर्ता नं. प्रदेश ३-०१-०२३-च ६१३५ को Nissan Kicks प्रा. जिप थान १	१. नामः रामकाजी पौडेल ठेगानाः सिन्धुपाल्चोक जिल्ला रामे्च गा.वि.स. वडा नं.३ हाल ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं. १३ बाजे : बद्री नाथ पौडेल बाबु : चेत नाथ पौडेल ना.प्र.नं. ३१३२१५८६४७ जारी मिति : २०४४/०४/१९ जि.प्र.का. सिन्धुपाल्चोक २. नामः कमल श्रेष्ठ ठेगानाः चितवन जिल्ला चैनपुर गा.वि.स. वडा नं. ६ हाल ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं.४ बाजेः देव नारायण श्रेष्ठ बुवाः कृष्ण लाल श्रेष्ठ न.प्र.नं.:०४३६५९ जारी मितिः २०६५/१२/१२ जि.प्र.का. : चितवन

लिलामी बिक्री सम्बन्धी शर्तहरू

- शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र प्राप्त भई सक्नु पर्नेछ । सो समय पछि प्राप्त भएका रीत नपुगी वा अमान्य शर्तहरु राखि पेश गरिएको बोलपत्रहरु मान्य हुने छैन । उल्लेखित समय भित्र प्राप्त भएका बोलपत्रहरु सूचना प्रकाशित भएको मितिले १६ औं दिनमा (सो दिनमा बिदा परेमा त्यसको लगतै सरकारी कार्यालय खुल्ने दिनमा) यस वित्तीय संस्थाको प्रधान कार्यालय, हात्तिसारमा खोलिने छ ।
- उल्लेखित समय भित्र परेका बोलपत्रहरु कुनै कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस वित्तीय संस्थामा निहीत रहनेछ ।
- शिलबन्दी बोलपत्रमा प्रष्टरुपमा ईच्छुक खरिदकर्ताको नाम, ठेगाना, नागरिकताको फोटोकपी प्राकृतिक व्यक्तिको हकमा तिन पुस्ते विवरण एंव आफ्नो पहिचान खुल्ने कागजात संलग्न गरी आफुले सो अचल सम्पत्ति के कति मुल्यमा खरिद गर्ने हो सो मुल्य अंक र अक्षरमा स्पष्ट खुलाउनु पर्नेछ । बोलपत्र दाखिला गर्दा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुने रकम धरौटी स्वरुप यस कार्यालयमा रहेको खाता नं.१८०८००००००००१००४ Margin Deposit Auction मा नगद वा यस वित्तीय संस्थाको नाममा खिचिएको Good For Payment चेक जम्मा गर्नु पर्नेछ । उक्त रकम बोलपत्र स्वीकृत नभएमा फिर्ता गरिनेछ । धरौटी रकम फिर्ता गरिँदा धरौटी रकमको ब्याज दिईने छैन ।
- प्राप्त बोलपत्रमा अधिकतम अंक कबोल गर्ने व्यक्तिको कबोल अंक यस वित्तीय संस्थालाई स्विकार्य भएमा सो अचल सम्पत्ति बिक्री गरिनेछ ।
- लिलाम बिक्री हुने अघिल्लो दिन सम्ममा ऋणीको तर्फबाट यस संस्थालाई भुक्तानी गर्नु पर्ने सम्पुर्ण रकम बुझाएमा वित्तीय संस्थाले सो लिलाम बिक्री रद्द गर्न सक्नेछ ।
- स्वीकृत बोलपत्रवालाले वित्तीय संस्थाले तोकेको मितिमा धरौटी बाहेकको बाँकी रकम नगद जम्मा गरि सो अचल सम्पत्ति आफ्नो नाममा नामसारी गर्नु पर्नेछ । सो कार्य गर्दा हाल सम्मको बक्यौता तथा कानून बमोजिम लाग्ने नामसारी दस्तुर लगायत अन्य कर शुल्क आदि बोलपत्रवालाले नै ब्यहोर्नु पर्नेछ । तोकिएको समय भित्र बाँकी रकम जम्मा नगरेमा धरौटी बापत जम्मा गरेको रकम जफत हुनेछ ।
- बोलपत्र बमोजिम बिक्री गरिने सम्पत्ति हेर्न निरिक्षण गर्न र सो बारे अन्य थप जानकारी चाहिएमा कार्यालय समय भित्र यस वित्तीय संस्थाको प्रधान कार्यालय, हात्तिसारमा सम्पर्क राख्न सक्नुहुनेछ ।
- बोलपत्र नपरेमा वा परेका बोलपत्र वित्तीय संस्थाले अस्वीकृत गरेमा वा लिलाम बिक्री गर्दा कसैले नसकारेमा उल्लेखित अचल सम्पत्तिको स्वामित्व आफ्नो अनुकुलमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(७) बमोजिम आफ्नो नाममा लिई सोझै बिक्री वितरण गर्न सक्ने ब्यहोरा समेत सूचित गरिन्छ ।
- आवश्यक कागजातहरु लगायत उपरोक्त सम्बन्धमा अन्य विस्तृत विवरणका लागि यस वित्तीय संस्थाको प्रधान कार्यालय, हात्तिसारमा सम्पर्क राख्न सक्नु हुनेछ ।

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

केन्द्रिय कार्यालय
हात्तीसार, काठमाण्डौं, पो.ब.नं. ८८६७,
फोनः ४५४४०३५, फ्याक्सः ४५४३४१४
इमेलः info@goodwill.net.np

शाखा कार्यालयहरु

डिल्लीबजार	इन्द्रचोक	भक्तपुर	कुमारीपाटी	त्रिपुरेश्वर	नयाँबजार	ईटहरी, सुनसरी	विर्तामोड	नेपालगंज	
४४२२२५०	५३२१५५५४	६६२००६७	५४०८६५०	५३३१५३३	५१५७०३८	०२५-५८७०५५१	०२३-५३०५४८	०८१-५३२०५६	
घोराही, दाङ्ग	ईलाम	फिदिम	बुटवल	बर्दिबास	धनगढी	नवलपुर	गैंडाकोट	भैरहवा	
०८२-५६३३५०	०२७-५२०५४५	०२४-५२१०६८	०७१-५३७२८२	०४४-५५०१०२	०५१-४१७३५७	०४६-५७००६०	०७८-५०१४११	०७१-५९०९६३	

GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL

बालुवाटार जग्गा...

पृष्ठ १ बाट क्रमशः

१४ रोपनी नक्कली मोही खडा गरी व्यक्तिको नाममा लगिएको प्रकरणमा मलेगो मुछिएका हुन् । त्यतिवेला भौतिक योजना तथा निर्माण मन्त्रालयमा सहसचिवका रूपमा कार्यरत उनले निर्णय कार्यान्वयनका लागि टिप्पणी उठाएका थिए । सोही आधारमा उनी अनुसन्धानमा तानिएका हुन् । निर्णय कार्यान्वयन प्रक्रियामा मलेगोको पनि संलग्नता देखिएको प्रहरी अधिकारीहरू बताउँछन् । पछि सचिव भएपछि उनी गृहसचिव भएका थिए । भूमि व्यवस्था मन्त्रालयको सचिव हुँदा पनि यो प्रकरणमा उनको संलग्नता देखिएको अनुसन्धानमा आबद्ध प्रहरीको भनाइ छ ।

मलेगोसँग अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि बयान लिएको थियो । तर, पर्याप्त प्रमाण नभएको भन्दै अख्तियारले उनीविरुद्ध मुद्दा नचलाउने निर्णय गरेको थियो । 'मिति २०६६/१२/२९ को मन्त्रिपरिषद्को निर्णय गरिँदा मानवीय त्रुटि देखिएको, त्रुटि सच्चाउन नेपाल सरकार (मन्त्रिपरिषद्)मै पुनः निर्णय गर्नुपर्ने भनी ऐन-नियम परामर्श शाखाको रायबमोजिम हुन राय प्रस्तुत गरिएको हो । राष्ट्रसेवकको नाताले निर्देशनबमोजिम आफ्नो जिम्मेवारी पूरा गरेको हो,' अख्तियारको बयानमा उनले भनेका थिए । प्राविधिक त्रुटि सच्चाउन माथिल्लो तहमा टिप्पणी पेस गरेको र त्यसपछि मन्त्रिपरिषद्मा लाने प्रस्ताव कोबाट कसरी के-के विषयवस्तु राखेर तयार गरियो, त्यसबारे आफूलाई जानकारी नभएको मलेगोको भनाइ छ । त्यसवेला अख्तियारका पूर्वप्रमुख आयुक्त दीप बस्न्यात मन्त्रालयका सचिव थिए । सोही निर्णय प्रक्रियामा संलग्नताका आधारमा बस्न्यातलाई आयोगले मुद्दा दायर गरेको थियो भने अहिले प्रहरीले पनि पक्राउ पुर्जी जारी गरेको छ । सिआइबीले चार अभियुक्तलाई थुनामा राखी ललितानिवास जग्गा हिनामिनामा प्रकरणमा अनुसन्धान अघि बढाएको छ । सिआइबीकी निर्देशक एआइजी किरण बज्राचार्यले यो मुद्दामा धेरै कर्मचारीको संलग्नता रहेको र कसको कस्तो संलग्नता भन्ने विषयमा सूक्ष्म अनुसन्धान भइरहेको बताइन् । प्रत्यक्ष रूपमा संलग्न कोही पनि नजोगिने उनको भनाइ छ ।

यसअघि अख्तियारले मुद्दा नचलाएका भौतिक योजना मन्त्रालयका तत्कालीन सहसचिव जितबहादुर थापामाथि पनि सिआइबीले अनुसन्धान गरिरहेको छ ।

पूर्ववडाध्यक्ष पनि छानबिनमा

काठमाडौंको तत्कालीन वडा नम्बर ४ का अध्यक्ष रत्नप्रसाद जोशीमाथि पनि सिआइबीले छानबिन थालेको छ । ०६० मा अध्यक्ष रहेका उनी र ०५९ मा वडासचिव रहेका शिवजी भट्टराईलाई सिआइबीले बोलाएको छ । उनीहरूले गलत सिफारिस दिएर छुट जग्गा दर्ताको नाममा सरकारी जग्गा व्यक्तिको नाममा गएको भ्रोत बताउँछ ।

दर्ता छुट भएको भन्दै १२ आना दुई पैसा जग्गा सुनीति राणाको नाममा दर्ता गरिएको थियो । बिचौलियाद्वय शोभाकान्त ढकाल र रामकुमार सुवेदीले सो जग्गा वडा र मालपोतका कर्मचारीलाई प्रभावमा पारेर दर्ता गरेका थिए ।

नबिल बैंक लिमिटेड, धनगढी शाखाको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/०३/१६)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुलउपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुलउपर हुन नसके वा आंशिक रकम मात्र असुलउपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुलउपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ । साथै, सवारी साधनको हकमा उक्त सवारी साधन बैंकको नाममा दर्ता रहेको र सो सवारी साधनको स्वामित्व बैंकमा रहेकोले कसैले अनधिकृत रुपमा प्रयोग गरिरहनु भएको छ भने यथासिघ्र बैंकमा बुझाउनु होला । अन्यथा अनधिकृत रुपमा बैंकको सवारी प्रयोग गर्नु भए उपर प्रचलित कानून बमोजिम कारवाही गर्न बैंक बाध्य हुने समेत जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणीको नाम र ठेगानाको विवरण

तुलाधर मिश्रको नाति, मोहन देव मिश्रको छोरा, दार्चुला जिल्ला, शंकरपुर गा.वि.स. वडा नं. १ बस्ने नागरिकता नं. २६३४० (जारी मितिः २०६१/१/१६, स्थान दार्चुला) भएको **श्री गुण राज मिश्र** ।

जमानतकर्ताको नाम र ठेगानाको विवरण

सम्मर कुमारी सिं ठकुरीकी छोरी, मोहन देव मिश्रकी बुहारी, गुण राज मिश्रकी श्रीमती, कैलाली जिल्ला, साडेपानी गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. ११ बस्ने नागरिकता नं. २५ (जारी मितिः २०६०/९/२९ स्थान कैलाली) भएकी **श्रीमती मिनु कुमारी सिं ठकुरी** ।

धितोको विवरण

धितोमा रहेको घर जग्गाको विवरणः

दार्चुला जिल्ला, शंकरपुर गा.वि.स. वडा नं. १ बस्ने **श्री गुण राजमिश्र**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको दार्चुला जिल्ला, बेलादेवी गा.वि.स. वडा नं. ४ सिट नं. ०२७१०५२८ मा अवस्थित कि.नं. ५४५ क्षेत्रफल १८६.२६ व.मि. जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

अधिकतम खुद्रा बिक्रि मूल्य (MRP) प्रकाशनको सूचना

यस Unity Trading Concern Pvt. Ltd. कम्पनीले INDIA बाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्रि मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सि. नं.	मालबस्तुको बिवरण	आकार/प्रकार	ब्राण्ड	मोडल	क्षमता (Rated Moter Power)	क्षमता (Max Power)	ब्याट्री	उत्पतिको मूलुक	इकाई	प्रति इकाई मूल्य	अधिकतम खुद्रा इकाई मूल्य (MRP)	कै.
1	KOMAKI FLORA	Scooter	KOMAKI	FLORA	1800WATT	2800 WATT	2.11KWh	INDIA	1	269,000	269,000	
2	KOMAKI VENICE	Scooter	KOMAKI	VENICE	3000 WATT	4900 WATT	2.45KWh	INDIA	1	294,000	294,000	
3	KOMAKI LY PRO	Scooter	KOMAKI	LY PRO	2000WATT	3200 WATT	4.22KWh	INDIA	1	359,000	359,000	

Unity Trading Concern Pvt. Ltd.
Baluwatar-4, Kathmandu, Nepal

स्थायी लेखा नं. : 609602070
फोन नं. : 9801113434, 9801100200

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना निर्देशनालय
पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय
कुश्मा, पर्वत

ठेक्का किन नतोड्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !!!

प्रकाशन मितिः २०८०-०३-१६

पुष्पलाल (मध्यपहाडी) राजमार्गको पोखरा-बाग्लुङ्ग सडक खण्डको पाउधुरमा "Road Protection Works at Paudhur (Ch. 27+200 km) along Pokhara–Baglung Section of Midhill Highway, Kaski" नामक निर्माणकार्यका लागि ठेक्का नं. MIDHLPD/337011144/078/79–403(RE) अन्तर्गत पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना निर्देशनालय, काठमाडौं र निर्माण व्यवसायी श्री ओम् बुद्ध इन्टरनेसनल कन्स्ट्रक्सन प्रा.लि., काठमाडौं बीच मिति २०७९-११-०५ सम्ममा निर्माणकार्य सम्पन्न गर्ने गरी मिति २०७९-०५-०६ मा सम्झौता भई यस पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय, कुश्मा, पर्वत मार्फत निर्माण कार्यन्वयन भईरहेकोमा सम्झौता पश्चात निर्माण व्यवसायी निर्माणस्थलमा मोबिलाईज भई सम्झौताको GCC 22.1 बमोजिम स्वीकृत कार्ययोजना अनुसार कार्यप्रगति हाँसिल नगरेको, स्वीकृत कार्ययोजना बमोजिमको प्रगति हाँसिल गर्न/गराउनका निम्ति यस कार्यालयबाट मिति २०७९-१०-०९, २०७९-१०-२७, २०८०-०२-१७, २०८०-०२-३२ र २०८०-०३-११ मा भएको लिखित ताकेताको वेवास्ता गरी सम्झौता अवधि समाप्त भईसकेको अवस्थामा समेत उल्लेखनीय कार्यप्रगति हाँसिल गर्नका निम्ति कुनै किसिमको तदारुकता नदेखाएको, ठेक्का सम्झौताको GCC 38.1 बमोजिम Management Meeting का निम्ति कार्यालयमा उपस्थित हुन निर्माण व्यवसायीलाई बारम्बार अनुरोध गर्दा समेत सम्पर्कमा न-आएको, सम्झौताको Priced Bill of Quantities को आईटम नं. २.२ मा "Traffic Diversion with Traffic Mobility Facility during Construction Stage" को व्यवस्था हुँदाहुँदै वर्षातको समयमा निर्माणस्थको Temporary Diversion Road मा पहिरो गई सवारी आवगमन अस्तव्यस्त हुँदा समेत पहिरो सरसफाई गरी सवारी आवागमन सुचारु गर्नमा गैर-जिम्मेवारपूर्ण तवरले निर्माणस्थलमा प्रस्तुत भई उक्त आपतकालीन परिस्थिको सामना गर्नमा चरम लापरवाही गरेको तथा सम्झौता अवधिमा निर्माणकार्य सम्पन्न नगरेको कारणबाट उक्त खण्डमा हुने सवारी आवागमन हदै सम्म प्रभावित भई यात्री एवं मालवाहक सवारी-साधनहरुले अत्यन्त सास्ती बेहोर्नु परेकोले ठेक्का किन नतोड्ने ? ठेक्का तोड्नु नपर्ने कुनै मनासिब कारण भएमा ४८ घण्टा भित्रमा विश्वशनीय स्पष्टिकरण सहित निर्माण व्यवसायीको आधिकारिक प्रतिनिधि यस कार्यालय समक्ष उपस्थित हुनुहुन अनुरोध गरिन्छ । अन्यथा, यसै सूचनालाई अन्तिम सूचना मानी ठेक्का सम्झौताको GCC 72.1c तथा सार्वजनिक खरिद ऐन-२०६३ को दफा ५९(७) बमोजिम ठेक्का सम्झौता अन्त्य गरी GCC 74.1(a) बमोजिम निर्माण व्यवसायीलाई कालोसूचीमा राख्न PPMO समक्ष सिफारिस गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

योजना प्रमुख

आयल निगमका...

पृष्ठ १ बाट क्रमशः

उल्लिखित रकम बिगो कायम गर्दै विशिष्ट श्रेणीबाट अवकाश पाएको हुँदा भ्रष्टाचार निवारण ऐनको दफा २४ बमोजिम थप सजाय हुन मागदाबी लिइएको थियो । अमिता लामाका नाममा सात करोड ५४ लाख रुपैयाँभन्दा बढीको घरजग्गा भेटिएको थियो । काठमाडौंको हात्तीगौंडामा सिजी डेभलपर्सले निर्माण गरेको तीन करोड २५ लाख मूल्यमा खरिद गरिएको घर भेटिएको थियो भने लामाकै नाममा बुढानीलकण्ठमा तीन कित्ता जग्गाको कुल मूल्य ४० लाख ११ हजार रुपैयाँभन्दा बढी रहेको अख्तियारको अनुसन्धानले देखाएको थियो ।

काठमाडौंकै साबिक महाँकाल गाविस- ४ मा घर खरिद गर्न लामाले तीन करोड पाँच लाख भुक्तानी गरिसकेकी थिइन् । खड्काले साढे ८४ लाख पर्ने गाडीसमेत लामाको नाममा राखेको अख्तियारको दाबी थियो । लामाको नाममा रहेका दुई बैंकहरूको खातासमेत खड्काले नै सञ्चालन गर्ने गरेको दाबी लिँदै अभियोगपत्र दर्ता भएको थियो ।


खड्का सार्वजनिक सेवामा प्रवेश गरेको मितिदेखि २ चैत ०६९ सम्मको आय-व्ययको अनुसन्धान गरिएको थियो । जस क्रममा पुष्र्यौंली घरबाहेक नै उनले तीनवटा घर निर्माण र खरिद गरेको भेटिएको थियो । साथै थप दुईवटा घर खरिद गर्न भुक्तानी दिएको अनुसन्धानले

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यायाँ
शनिबार १६ असार ०८०
nayapatrikaofficial @naya_patrika

हिमाली क्षेत्रमा बहुपति प्रथा
कति भ्रम, कति वास्तविकता ?



कमल मादेन
kamal.maden@gmail.com
हिमालतिर



हुम्लाको दोजाम गाउँ

हुम्लाको दोजाममा बहुपति प्रथा छ कि छैन भनेर जानकारी बटुल्ने प्रयत्न गरियो । निकैजनाले पहिले थियो, अहिले छैन भने । एक शिक्षकले त्यहाँको करिब ६५ घरमध्ये १५ घरमा बहुपति परिवार रहेको बताए । बहुपति प्रथा तिब्बती सीमावर्ती भूभागमा अझै छ, संखुवासभा, ताप्लेजुङ जिल्लामा पनि फाट्टफुट्ट अस्तित्वमा छ ।

हुम्ला जिल्लास्थित सिमकोट गाउँपालिका-१ को दोजाम गाउँमा गत जेठको तेस्रो साता पुगियो । त्यहाँको चुवा खोलामा बन्ने जलविद्युत् आयोजनाको प्रारम्भिक जानकारी लिन शंकर बस्याल, विष्णु बसेल (बस्याल), हिसिला सुजखु, कृष्ण कुमाल, रमेश भण्डारी र तीनजना विदेशीसहित हामी पुगेका थियौँ । त्यसअघि केही मित्रहरू केहीपटक त्यहाँ पुगिसकेका थिए ।

यो गाउँ सिमकोट गाउँपालिको पूर्वीउत्तरतर्फको अन्तिम मानव बस्ती हो । गाउँको मध्यभाग समुद्री सतहदेखि २५ सय २० मिटर उचाइमा छ । गाउँको पूर्वतर्फ उत्तरबाट बगेर आउने चुवाखोला छ । गाउँको उत्तरतिर उचाइ बढ्दै गएको जंगल छ । उत्तरपश्चिमतिर दुई-तीन सय मिटर अग्लो चट्टानी पहरा छ । चुवा खोलाको दाहिने किनारैकिनार उत्तरतिर जाने बाटो छ । खोला बगेको दिशाका आधारमा खोलाको दुईतर्फको भागलाई दब्बे र दाहिने दिशा भनेर छुट्याइन्छ ।

गाउँबाट उत्तरतिर लाग्दा खोला किनारा आसपासको क्षेत्रमा करिब चार हजार मिटर उचाइमा चौँरी, भेडा चराउने फराकिलो पाटन भेटिँदो रहेछ । पाटनबाट जोडले हिँडियो भने अरू दुई-तीन दिनमा करिब ५५ सय मिटर उचाइमा तिब्बती सिमानामा पुगिँदो रहेछ । तिब्बती सिमानामा चाङ्ला हिमाल छ । तिब्बती मूलका बासिन्दाले तिनका भाषामा उक्त हिमालबाट उद्भव भएको नदीलाई चालुङ्वा भन्छन् । चुवा नदी चालुङ्वाबाटै अपभ्रंश भएको हो ।

दोजाममा करिब ६५ घर छन् । त्यहाँ एक घरबाहेक सबै तिब्बती मूलका लामा समुदायको बसोवास छ । त्यो समाजमा चलेको विवाह प्रथाचाहिँ अनौठो लाग्यो । मनपरेकी युवतीलाई जबर्जस्ती तानेर विवाह गर्ने चलन । त्यसलाई तानी-विवाह भनिँदो रहेछ । १५-१६ वर्षका युवतीलाई तानेर केटाले लैजाने प्रचलन रहेछ । गाउँको सिरानमा केही वर्षअघि बनाइएको गुम्बामा गाउँलेहरू भेला गराई अन्तर्क्रिया गरिएको थियो । त्यसपछि महिलाहरूसँग तानी विवाहबारे कुराकानी गरियो । २०-२२ वर्षका महिलाले तानी विवाहबारे खुलेरै कुराकानी गरे । उनीहरू एक-दुईजना केटाकेटीका आमा भइसकेका थिए ।

समाजशास्त्री विष्णु बसेल सरले निकै लामो कुराकानी गरे । उनी कीर्तिपुरस्थित केन्द्रीय समाजशास्त्र विभागमा अध्यापन गर्छन् । पेमा छेसाङ र याडडोल्मा लामाले उनीहरूलाई चार-पाँच वर्षअघि जबर्जस्ती तानी-विवाह गराइएको दुखेसो सुनाए । अहिले उनीहरू क्रमशः २० र २३ वर्ष पुगे । त्यहाँ विवाह गर्ने उमेर नपुगी विवाह गरिँदो रहेछ । विवाह गर्ने केहीलाई कम उमेरमा विवाह गरे अहिलेको प्रचलित ऐन कानुनअनुसार गैरकानुनी ठहरिन्छ र सजायको भागिदार हुनुपर्छ भन्ने थाहा थिएन । उमेर नपुगी विवाह गरे जेल परिन्छ भन्दा उनीहरूलाई ठट्टा गरेजस्तो भयो । कसैले पत्याएनन् ।

बहुपति प्रथा

यो पंक्तिकारले हुम्लाको लिमी उपत्यकामा बसोवास गर्ने 'तामाङ होइनन् लिमेल' शीर्षकको लेख लेखेको थियो । उक्त लेख साप्ताहिक हिमाल खबरको ८ असोज २०७४ संस्करणमा प्रकाशित छ । उक्त लेखमा बहुपति प्रथा (पोलियान्ड्री) बारे थोरै प्रसंग जोडेको थिएँ । बहुपति प्रथा भनेको एकभन्दा बढी पुरुषले एक महिलासँग सगोलमा विवाह गर्ने प्रचलन हो । दोजाममा बहुपति प्रथा छ कि छैन भनेर जानकारी बटुल्ने प्रयत्न गरियो । निकैजनाले पहिले थियो, अहिले छैन भने । एक शिक्षकले त्यहाँको करिब ६५ घरमध्ये १५ घरमा बहुपति परिवार रहेको बताए । त्यसउप्रान्त अन्य कुरा बताउन चाहेनन् । जोड पनि गरिएन । बहुपति प्रथा तिब्बती सीमावर्ती भूभागमा अझै छ । संखुवासभा, ताप्लेजुङ जिल्लामा पनि फाट्टफुट्ट छ ।

दोजाम बसाइ क्रममा बहुपति प्रथासम्बद्ध व्यक्तिसँग कुराकानी गर्ने धोको पूरा भएन । त्यहाँ दुई रात बसेर सिमकोट फर्किर्यौं । बाटामा जे-जतिसँग कुराकानी गर्ने असर मिल्यो, उनीहरूसँग बहुपतिबारे थोरै भए पनि सोध्न छुटाएनौँ । कसैले थाहा छैन भने । कसैले, पहिले थियो, अहिले छैन भने । नचिनेकालाई उनीहरूले पटक्कै नभन्ने रहेछन् । सायद हीनताबोध गर्छन्, उनीहरूले । वा, सरकारले कारबाही गर्छ भनेर डराउँछन् ।

सिमकोटमा मौसमका कारण जहाज उडान हुने कुरा निश्चित नहुँदो रहेछ । बिहान नेपालगन्जबाट आइपुग्यो भने उड्ने रहेछ । प्रायः १० बजेपछि जहाज सिमकोटबाट आउने-जाने गर्न नसक्ने रहेछ । नेपालगन्जबाट सिमकोट बिहानै उडाएको थियो । होटलवाला साहुले कृष्ण कुमालजीलाई पाउरोटी, दूध लिएर आउनू भनेर फोनमा कुरा गरेका थिएछन् । उनले नेपालगन्जबाट बिहानको खाजाका लागि किनेर बोकेको देख्दा अचम्मै लागेको थियो । भदौतिरचाहिँ मानसरोवर जाने विशेष गरेर तीर्थयात्रीको सिमकोटमा धुइरो लाग्दो रहेछ ।

हामीले जहाज नउडेको कारण सिमकोटमा बहुपतिबारे जानकारी बटुल्ने अवसर पायौँ । त्यहाँ पनि सुरुमा निरास भयौँ । धन्न केही बहुपतिसम्बद्ध परिवारका सदस्यसँग कुराकानी गर्ने अवसर मिल्यो । कुराकानीबाट सिमकोटभन्दा पूर्वतर्फ नजिकैका चारवटा गाउँमा बहुपतिसम्बद्ध केही परिवार छन् भनेर जानकारी पायौँ । सिमकोटमा हामीलाई बहुपतिबारे बताइदिने व्यक्तिहरूले त्यहाँका गाउँमा रहेको बहुपतिको नाम, परिवार संख्यासम्म बताइदिए ।

हामीलाई यसरी सहयोग गरिदिने व्यक्तिले दोजाममा त प्रचुर मात्रामा बहुपति परिवार हुनुपर्छ भने । सिमकोटआसपासका बासिन्दाले दोजामेलाई अलि पछि परेको समाज ठान्दो रहेछ । त्यो ठाउँ अभेग त हो नै । निकै टाढा, तर अहिले कच्ची सडक पुगेको छ, त्यहाँसम्म । यो कुरा मैले हुम्लामा मानवशास्त्र अध्ययन गर्न पहिल्यै लिमी उपत्यका पुगेका दिलविक्रम आइदाम्बे र डिबी आइबुडबाट जानकारी पाएको थिएँ । सिमकोटको गफगाफमा थप पुष्टि भयो ।

बहुपतिको भनाइ

सिम्कोटमा एक वृद्धसँग संयोगले भेट भयो । उनी ६९ वर्षका थिए । उनको नाम छिरिङहिसी लामा हो । उनका एक दाजु कंग्रीथुन्जोक लामा थिए । तिनको निधन भइसकेको रहेछ । कंग्रीथुन्जोक र छिरिङहिसीले करिब ५० वर्षअघि एकै युवतीसँग विवाह गरेका रहेछन् ।

छिरिङहिसीले अलि कम सुन्ने रहेछन् । उनले गोजीबाट एउटा सानो बट्टा निकाले र त्यसभित्रको मेसिन कानमा लगाए । त्यसपछि कुराकानी सजिलो भयो । उनले भने, 'पहिले एउटा परिवारका सबै छोराले अर्को घरको एकजना केटीसँग मिलेर विवाह गर्ने चलन थियो । तर, अहिले यस्तो विवाह हुन छाड्यो । हिजोआज त लभ गर्छन्, अनि एकजना केटाले एकजना केटीलाई विवाह गर्छन् ।' तपाईंहरूको पनि त्यस्तै चलन छ होइन भनेर हामीलाई सोधे ।

उनले हामीसँग निकै पहिलेदेखि चिनजान भएजस्तो कुराकानी गरे । उनका दाइतर्फका तीन भाइ छोरा रहेछन् । तीमध्ये कोही विदेश बस्दा रहेछन् । गफगाफ चलिरहँदा उनीतर्फका छोरा सोनाम लामा पनि टुप्लुक्क आइपुगे । हामीले सोनामलाई तपाईं छिरिङहिसी कि स्व. कंग्रीथुन्जोकतर्फको सन्तान हुनुहुन्छ भनेर सोध्यौँ । सोनामले मलाई यसबारे थाहा छैन । आमाले मेरो बुबा छिरिङहिसी हुनुहुन्छ भन्नुभएको छ भने । बहुपति परिवारमा ज-जसको सन्तान भए पनि सन्तानले जेठो पतिलाई बुबा र अन्य पतिलाई सानो बुबा भन्ने चलन हुँदो रहेछ ।

सिम्कोट पूर्वतर्फ चारवटा गाउँ ब्राउसे (टाडसेट), बरगाउँ (भारखाङ), टोर्पा (टोट्पा) र निम्टाङ (न्यटाङ) छन् । ती चारवटै गाउँमा बहुपति प्रथाका परिवार छन् भन्ने थाहा पायौँ । तर, हिजोआज बहुपतिको उमेर ३५ वर्षभन्दा सबै माथिका मात्रै रहेछन् । यसको अर्थ विगत दुई दशकयता बहुपति प्रथाबाट विवाह हुन छाडेको हो ।

दिलविक्रम आइदाम्बे र डिबी आइबुडले मलाई हुम्लामा बहुपति प्रथा त छ तर कसैले खुलेर कुरा गर्दैनन् भनेका थिए । यसविपरीत सिमकोटमा स्वयं बहुपतिसँगै कुराकानी गर्ने मौका पाउनु ठूलै उपलब्धि भएको महसुस भयो । बसेल सरले त समाजशास्त्रको केन्द्रीय विभागमा पढाउने तथ्य नै थपिएको बताए ।

हुम्ली अभिलेख

उसो त हुम्लामा बहुपति प्रथाबारे अध्ययन गर्ने पहिलो अध्येता अमेरिकन सामाजिक-मानवशास्त्री मेल्विन गोल्डस्टेन हुन् । उनले लेखेको लिमी पञ्चायतको रिपोर्ट सन् १९७५ मा प्रकाशित भएको थियो । जसअनुसार सन् १९७४ मा लिमीको १ गाउँ ट्साडमा ५४ जना पुरुषको २३ जना महिलासँग विवाह भएको थियो । गोल्डस्टेनले लेखेका छन् कि सन् १९५९ पछि, लिमी-तिब्बत सीमाको उत्तरबाट धेरै तिब्बती घुमन्तेहरू विशेषतः 'ड्रोग्पा' समुदायका मानिस तिनका चौँरी र भेडा लिएर नेपाल पसे । त्यसवेला तिनका चौपाया त्यहाँ धेरै सस्तोमा बेचियो । एउटा भेडाको दाम १२-१३ रुपैयाँ । जब कि सन् १९७४ मा त्यहाँ एउटा भेडाको दाम तीन सय रुपैयाँसम्म पर्थ्यो । सस्तोमा धेरै चौपाया खरिद भएपछि त्यहाँका मानिस केही धनी भए र लिमी उपत्यकामा बहुपति प्रथामा कमी आउन थालेको गोल्डस्टेनले लेखेका छन् । यसले बहुपति प्रथा गरिबी नियन्त्रण गर्ने उच्च हिमाली भेगको एक प्रचलन हो भन्ने संकेत गर्छ ।



सन् १९५९ मा चीनले तिब्बतलाई पूर्ण अधीनस्थ गरेको थियो । त्यसैवेला, तिब्बतका केही बासिन्दा लिमीमा प्रवेश भएका रहेछन् । सम्भवतः नेपाल सरकारका कर्मचारीलाई लिमी उपत्यका नेपालको सिमानाभित्र पर्छ भन्ने हेक्का थिएन होला । किनभने लिमी उपत्यकाको पहिलो तथ्यांक केही पाइन्न । अहिले पनि लिमी उपत्यका हुम्लाको अन्य भागसँग जेठ अन्तिमदेखि असोजसम्म मात्र आवतजावत हुन्छ । त्यसपछि नेपालतर्फको सम्बन्ध पाँच हजार मिटर अग्लो भन्ज्याङ हिउँले पुरिन्छ र आवतजावत बन्द हुन्छ । तिब्बतबाट मात्र आवतजावत हुन्छ । उसवेला लिमी उपत्यकाका बासिन्दालाई तिब्बतमा मिसिन केही प्रलोभन दिइएको थियो । यो कुरा गोल्डस्टेनसहित अन्यबाट पनि लेखिएको छ ।

तर, त्यहाँका तिब्बतीभाषीले चिनियाँ हुन इन्कार गरेछन् । त्यसको झ्याँकमा चीनले त्यहाँका चौँरी, याक तथा भेडालाई तिब्बततर्फ चरिचरण गर्न बन्देज लगाएको अहिलेसम्मै कायम छ । तिब्बतितर चरिचरण क्षेत्र बन्देज भएपछि लिमीमा चौपायाको संख्या घटाउन थालियो । हिजोआज लिमी उपत्यकाको मानिस तिब्बतमा गएर राम्रो ज्यालामा काम गर्छन् । तिब्बतबाट नेपालको सिमानासम्म तिब्बतको सडक सञ्जाल अत्यन्त राम्रो छ । यता हुम्ला जिल्लाको सदरमुकाम सिमकोटमा अन्य जिल्लाबाट सडक जोडिएको छैन ।

अर्कोतिर, नेपाल सरकारले लिमीका पुराना बसोवासकर्ता को हुन् र कोचाहिँ 'ड्रोग्पा' हुन् भन्ने चिन्न सकेन । यसबाट त्यहाँका बासिन्दाले सास्ती भोगे । सबैलाई तिब्बती 'ड्रोग्पा' हुन् कि भनेर आशंका गरियो । त्यसपछि उनीहरूले तिनका जात तामाङ लेखाउन थाले । मध्य र पश्चिमका हिमाली जिल्लामा पनि समस्या उत्पन्न भएकै कारण गैरगुरुङ समुदायबाट गुरुङ जात लेखाउन त्यसैवेला सुरु भयो होला ।

कठोर वातावरणको उपज

तिब्बतमा कतै ठुल्ठूला फाँटिला भूभाग छन् त कतै भिराला ठाउँहरू । ती ठाउँ समुद्री सतहबाट ज्यादै उचाइमा रहेकाले एसियामा अन्यत्र मानिस बसोवास बाक्लिँदा पनि त्यहाँ बस्न रुचाइएन । त्यहाँको जलवायु मानिस बसोवास गर्न निकै कठिन छ । 'अ सर्ट हिज्टोरी अफ हयुमानिटी' (सन् २०२१)शीर्षक पुस्तकको लेखक जोहानेस क्राउजले सन् २०१० मा साइबेरियाको डोनिसोभान्स भन्ने ओढारमा एक मानव औलाको जीवाश्म फेला पारे । उनले त्यो जीवाश्म लोप भएको एक पूर्व मानव प्रजाति होमो नियन्डरथलको हो भन्ने ठाने । तर, त्यसको डिएनए अध्ययन गर्दै जाँदा होमो नियन्डरथलको भन्दा फरक देखियो । त्यसपछि त्यो प्रजाति त्यही ओडारको नाममा होमो डोनिसोवान्स नामकरण गरे ।

यस्तै, होमो डोनिसोवान्सको जीवाश्म तिब्बतमा पनि भेटियो । होमो डोनिसोवान्स तिब्बतमा रहेका वेला अहिलेको मानव प्रजाति होमो सेपियन्स पनि त्यहाँ पुगे । होमो डोनिसोवान्स र होमो सेपियन्सबीच संसर्ग हुन्थेछ । किनभने उच्च हिमाली भेगमा बसोवास गर्ने मानवको डिएनएमा होमो डोनिसोवान्सको डिएनए न्यून मात्रामा पाइएको छ । होमो डोनिसोवान्स उच्च पठारमा जीविका उपार्जन गर्थे । सम्भवतः हिजोआज उच्च हिमाली पठारमा बसोवास गर्ने समुदायमा होमो डोनिसोवान्सकै गुण सरेका कारण उनीहरू त्यहाँ बस्न सम्भव भएको होला ।

उच्च तिब्बती पठार खेतीपाती तथा पशुपालनका लागि प्रतिकूल त छँदै छ । त्यसो भए पनि तिब्बती भूभागमा मानिस बस्दै आएका छन् । उनीहरूले त्यहाँको कठोर वातावरणलाई अनुकूल बनाउन तिनका जनसंख्या विस्तार नियन्त्रण गर्नु आवश्यक थियो । यसबाट आर्थिक बोझ घटाउन मद्दत पुग्थ्यो । उनीहरूले कुनै एक वातावरणमा मात्र जीविका उपार्जनमा भर परेर सम्भव हुन्न थियो । त्यसैले, एकै परिवारका सदस्यहरू भिन्नभिन्न भूगोलमा तैनाथ हुन्थे । कुनै छोरा हिमालमा चौँरी तथा याक चरणमा महिनौँ जान्थे । कुनै छोरा गाईवस्तु, भेडा चरणमा सहभागी हुन्थे । कोही याक, चौँरी र भेडाका ऊन, घ्यूको व्यापार गर्न टाढा जान्थे । यस्तो काममा श्रीमती तथा ससाना बालबच्चासहित जान सम्भव थिएन । कुनै एक भाइ घरको रुगालो हुन्थे । सबैले छुट्टाछुट्टै विवाह गर्दा घरमा धेरैजनाको श्रीमती रहनाले घरमा श्रम खेर जान्थ्यो । खाद्य पदार्थ बढी उपभोग हुन्थ्यो ।

यस्तो परिवेशमा एकै परिवारका दाजुभाइबाट अर्को परिवारको एक कन्यासँग विवाह गर्ने प्रचलन सुरु भयो । ती महिलासँग कुनै एक भाइ घरमा बस्ने निश्चित समयवधिका निम्ति बस्ने परिपाटी बनाइयो । यसरी, घर बस्ने र बाहिर जाने आलोपालो हुन्थ्यो । यस्तो थिति अझै रहेछ । घरकी बुहारी उमेर ढल्केका आमाबाबासँगै बस्थे । पहिले जेठाको सन्तान जन्मिथ्यो । त्यसपछि माइलो, साइलो हुँदै क्रमशः कान्छाको पनि उही श्रीमतीबाट सन्तान जन्मिन्थे । कसको सन्तान हो भन्ने कुरा श्रीमतीले मात्रै थाहा पाउँथिन् ।

नातागोता र गठबन्धन निर्माण

बहुपति प्रथाबाट जनसंख्या नियन्त्रण त हुने नै भयो । यस्तो परिवारबाट जन्मेका सन्तानमा साइनोको सम्बन्ध पनि बलियो हुन्छ । बाबुबहुरु जे-जति भए पनि आमा एकै भएपछि जन्मेका सन्तानबीच एकै आमाका सन्तान हौँ भन्ने भावना यसै उब्जिन्छ । अनुसन्धानकर्ताले यस्तो दाजुभाइका सन्तानबीच आत्मीयता मजबुत हुन्छ भन्ने लेखेका छन् ।

धेरैजना पुरुषबाट एक महिलालाई विवाह गरेपछि सबैले कमाएको सम्पत्तिमा महिलाको हक लाग्ने भयो । बहुपति वाला श्रीमतीले सबैले कमाएको सम्पत्ति समान रूपमा हेरचाह गर्ने भइन् । एउटै परिवारले भिन्नभिन्न क्षेत्रबाट आर्थिक उपार्जन गरेपछि परिवारको आर्थिक हैसियत मजबुत हुन्छ । एकातिरको आय कम भयो भने अर्कोतिरको आयबाट घर चल्छ ।

परिवारले भिन्न-भिन्न क्षेत्रका भिन्न-भिन्न मानवीय आवश्कता वस्तुहरू जुटाउँदा उनीहरूलाई भिन्न-भिन्न प्रकृतिको वस्तु उपभोगमा पनि सहज हुन्छ । अर्को, सबैभन्दा महत्त्वपूर्ण कुरा बाबुआमाको सम्पत्ति दाजुभाइमा बाँड्न टुक्रयाउन पनि पर्दैन । सम्पत्ति अंशबन्डा गरिरहन पर्दैन । सम्पत्ति एकै भएपछि दाजुभाइबीचको सम्बन्ध पनि बलियो हुन्छ । उनीहरूबीच यसै गठबन्धन कायम हुँदो रहेछ ।

ज्ञान-वृद्धि

एक परिवारका सदस्यहरू भिन्न-भिन्न भूगोलमा जीविका उपर्जनमा संलग्न हुँदा पृथक् किसिमका ज्ञान हासिल हुन्छ । कुनै सदस्य कुनै साल व्यापार गर्न दक्षिणतिर जान्छ । कुनै साल उत्तरतिर जान्छ । उसले सबैतिरबाट व्यापारिक ज्ञान बटुल्छ । त्यही व्यक्ति अर्को साल याक चराउन तिब्बती सिमानामा गोठाले जीवन बिताउँछ । उसले उच्च हिमाली भेगमा के-कस्ता जडीबुटी कहिले र कहाँ पाइन्छ भन्ने जानकारी हासिल गर्छ । त्यही गोठालो कहिले घरमै बस्छ । उसले कसरी कठिन वातावरणमा व्यापारको वातावरण सिर्जना गर्नुपर्छ भनेर अनुभव बटुल्छ ।

अर्कोतिर, बहुपतिका पत्नीचाहिँ एकै घरमा बसेर चारतिरका अनुभव भिन्न-भिन्न पतिबाट सुनेर पोख्त हुन्छिन् । यस आधारमा बहुपति परिवारका सदस्यहरू धेरै कुराका जानकार हुन्छन् । त्यस्ता परिवारका बालबच्चाले बुबाहरूबाट भिन्न-भिन्न ठाउँका कुरा सुन्ने, सिक्ने अवसर पाउँछन् । यति मात्र होइन, बुबाहरू धेरैजना भएका कारण परिवारमा केटाकेटी हुर्काउने दायित्व पनि धेरैजनाको हुन्छ । धेरैजनाको दायित्व भएपछि केटाकेटी बिग्रिने कमै सम्भावना हुन्छ ।

बहुपति परिवारका सन्तानहरूले उनीहरू बहुपति आमाबाट जन्मेका सन्तान हौँ भन्न असजिलो महसुस गर्नु अन्यथा मान्छन् होला । तर, बहुपति प्रथा नेपाल र तिब्बती सिमानाजस्ता कठोर वातावरणमा उद्भव भएको एक सुन्दर, आत्मीयपना भएको संयुक्त परिवार हो । यसप्रति असजिलो मान्नुपर्ने केही छैन । त्यो समाजमा स्थापित प्रचलन हो । यति मात्र होइन, बहुपति प्रथा उच्च हिमाली भेगको जनजीवन जीवन्त राख्ने जीवनशैली हो । तर, कसैले पहिलोपल्ट सुन्दा अनौठो लाग्न सक्छ, आपत्तिजनक लाग्न सक्छ ।

बहुपति परिपाटीप्रति आपत्ति जनाउनुभन्दा पहिले बहुपति परिपाटी कस्तो वातवरणमा सिर्जना भयो भन्ने बुझ्नुपर्छ । यस्तो वैवाहिक सम्बन्ध नेपालमा मात्र होइन, तिब्बत, भारत, ब्राजिल, भेनेजुएला, केन्या, नाइजेरिया आदि देशमा पनि अवशेषको रूपमा छ । भिन्न-भिन्न ठाउँमा भिन्न-भिन्न परिस्थितिमा बहुपति के कसरी उद्भव भए, त्यसबारे जानकारी राख्नु उपयुक्त हुन्छ । सबैतिर एकै कारणबाट बहुपति प्रथा उद्भव नभएको हुन सक्छ ।

बहुपति प्रथाले एकताका नेपालको भिन्न-भिन्न भूगोलमा बस्ने समुदायलाई हिमाली औषधि, राडी आदि आपूर्ति गर्थ्यो । उनीहरूले नै पहाड र तराईसम्म पुगेर सामान उपलब्ध गराउँथे । उहिले नेपालीले दुःखबिरामबाट बच्न उनीहरूबाटै औषधि पाएका थिए । त्यो बहुपति प्रथा आमनेपालीका लागि लाभदायक थियो । केवल, हामीले उसवेला बहुपति हुन्थ्यो भनेर नबुझेका मात्रै हुन सक्छ ।


२


३


१

सन्दर्भ : राष्ट्रिय धान दिवस

रोपाइँको रौनक

कृषिमन्त्रीदेखि पूर्वप्रधानमन्त्रीसम्म
धान दिवस मनाउन खेतमा

१. रोपाइँमा व्यस्त मकवानपुरगढी गाउँपालिका- ५ का किसान २. चितवनको भरतपुर महानगरपालिका- २४ मा पत्नी राधिका शाक्यसँगै धान रोप्दै एमाले अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी ओली र पूर्वपर्यटनमन्त्री पार्वत गुरुङलगायत ३. ललितपुरको खुमलटारमा ट्र्याक्टर चलाएर धान रोप्दै कृषिमन्त्री बेदुराम भुसाल ४. चितवनको भरतपुर- ९ मा ट्र्याक्टरले धान रोप्दै भरतपुर महानगरकी मेयर रेनु दाहाल ५. नुवाकोट बाहुनबैंसीमा पटाह लाउँदै किसान ६. रोपाइँमा व्यस्त पर्सा ठोरीका रोपाहार ७. भरतपुर- ६ चितवनमा धान रोप्दै रास्वपा सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछाने ८. चितवनको भरतपुर-२० मा धान रोप्दै पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई र पूर्वमन्त्री हिसिला यमी ९. रोपाइँ गर्दै बागलुङ नगरपालिका- ३ न्वाराका किसान १०. रोपाइँमा धनकुटा नगरपालिका- ६ पाल्लेखोलाका किसान ११. कञ्चनपुरको भीमदत्त नगरपालिका- १६ मझगाउँमा आयोजित धान महोत्सवमा सहभागी किसान र कृषि अभियन्ता।


४


७


५


६


८

सहकारीका प्रथम अभियन्ता बखानसिंह गुरुङ

प्रजातान्त्रिक आन्दोलनका अगुवा, सहिद पिता, राजनीतिक धरोहर एवं सहकारी अभियन्ता बखानसिंह गुरुङको योगदानको उचित सम्मान हुन सकेको छैन



मनिराज गुरुङ
manikusumn@gmail.com

व्यक्तित्व



२०११ सालमा तनहुँ, लमजुङ, गोरखा, मनाङलगायत मध्यनेपालको पहाडी क्षेत्रका जनतालाई कहिले लामो खडेरी त कहिले दर्के झरीले अत्यायो। यसरी अनावृष्टि र अतिवृष्टिका कारण जीवन कष्टकर बनेपछि उनीहरू सुरक्षित वास र गाँसको खोजीमा भौंतारिन थाले। तर, कहाँ जाने ? पहाडमा ठाउँ छैन। मधेसमा औलोको डर।

त्यसको करिब दुई वर्षअघि नै तनहुँको पुलिमराङबाट बखानसिंह गुरुङ चितवन झरेका थिए। त्यसरी कहाँ जाने भनेर भौंतारिएकाहरूलाई बखानसिंहले चितवन बोलाए। उनीहरूले सुरुमा औलोको डरले चितवन बसाइँ सर्न आनाकानी गरे। तर भोकको अगाडि डर पनि डराउँदो रहेछ। अन्ततः उनीहरू चितवन झर्न थाले। त्यसरी झर्नेहरूलाई बखानसिंहले व्यवस्थित बसोवास मिलाउन अगुवाइ गरे। पहाडबाट ठूलो संख्यामा मानिस तराई झर्न थालेपछि सरकारले पनि विशेष चासो दियो। अमेरिकी सरकारको सहयोगमा 'राप्ती दुन विकास परियोजना' सञ्चालन भयो। बखानसिंहले जनता र सरकारको पुलका रूपमा काम गरे।

वन फँडानी गरेर बस्न थालेका सर्वसाधारणलाई खासगरी घर निर्माण समस्या थियो। परियोजनाले उनीहरूलाई प्रतिपरिवार तीन सय रुपैयाँ कर्जा दिन्थ्यो। कर्जा त पाइयो तर कर्जा फिर्ता गर्ने कसरी ? सदियौंदेखि वनक्षेत्र रहेको चितवनमा बसोवास सहज पनि थिएन। विभिन्न गाउँ र स्थानबाट आएका, विभिन्न पेसामा आबद्ध उनीहरूबीच सहकार्य र सह-सम्बन्ध अत्यन्त जरुरी थियो।

व्यक्ति-व्यक्तिमा रहेको सीप, क्षमता तथा छरिएर रहेका पुँजीलाई एकत्रित गर्दै सबैको हितमा लगाउन सहकार्य अत्यन्तै आवश्यक थियो। यही सत्यलाई मनन् गर्दै परियोजनाका निर्देशक कृष्णबम मल्लसमेतको सहयोगमा बखानसिंह गुरुङले सहकारी संस्था स्थापनाको अवधारणा तथा योजना तयार पारे। अन्ततः २० चैत २०१३ मा स्थापना भएको बखान सहकारी नै नेपालको इतिहासमा पहिलो सहकारी बन्यो।

आधुनिक सहकारीको अवधारणा बेलायतबाट सुरु भएको पाइन्छ। सन् १८४४ मा बेलायतमा आधुनिक सहकारीको अवधारणा विकास भएको थियो। यद्यपि पूर्वीय दर्शन र अभ्यासअनुसार विभिन्न धार्मिक समूह, सांस्कृतिक, जातीय समूहले सहकारीको काम गर्ने गरेका थिए। नेपालमा वि.सं. २०१० मा सहकारी विभागको स्थापना र २० चैत २०१३ मा बखान सहकारी दर्ता भएपछि सहकारिताको अवधारणाले औपचारिकता पाएको हो।

बखानसिंह गुरुङको अवधारणा र अगुवाइमा स्थापना भए पनि बखान सहकारी ऋण संस्थाको नेतृत्व भने सबैको आग्रहमा सुवेदार खड्गसिंह गुरुङले लिए। सुवेदार भीमसेन (भिसा) गुरुङ र जमदार मेघराज गुरुङ सचिव रहेको सहकारीका कोषाध्यक्ष मोहनसिंह गुरुङ थिए। मुखिया तेजवीर गुरुङ र कृष्णबहादुर गुरुङ सदस्य रहेको सहकारी दर्ता गर्ने सहकारी अधिकारी भने सर्वदेव बर्मा थिए।

नेपालको पहिलो सहकारी 'बखान सहकारी'को नाममा रहेको दुई बिगाहा जग्गामा अहिले सहकारी संग्रहालय बनाइएको छ। स्थापनाकालमा ६० जना सदस्य संख्या रहेको र ६०० रुपैयाँ सेयर पुँजी रहेको सहकारीमा अहिले ६०० जना सेयरधनी र ६ लाखभन्दा बढी सेयर पुँजी रहेको छ। कारोबारको हिसाबले यो रकम ठूलो अवश्य पनि होइन, तर अवधारणाको सूत्रपात र इतिहासका हिसाबले बखान सहकारीको तुलना अरू कुनै पनि सहकारी संस्थासँग हुन सक्दैन।

चितवनको बखानपुर (हाल शारदानगर)मा बखानसिंह गुरुङको अवधारणा र अगुवाइमा २०१३ सालमै बखान सहकारी ऋण संस्था स्थापना भएको भए पनि नेपाल सरकारले सहकारी ऐन भने २०१६ सालमा मात्र जारी गऱ्यो। त्यसको तीन वर्षपछि २०१९ सालमा सहकारी प्रशिक्षण केन्द्र स्थापना गरियो। त्यस्तै सहकारी खरिद-बिक्री तथा ऋण संस्था स्थापना गर्नुका साथै सहकारी बैंक ऐन जारी गरियो।

सरकारले विभिन्न समयमा सहकारीको अवधारणा र सञ्चालन प्रक्रियालाई कानुनी मान्यता, संशोधन र रूप दिँदै वर्तमानमा आइपुग्दा सहकारीलाई समृद्धिको एक बलियो आधार मानेर अर्थतन्त्रका तीनखम्बे नीतिभित्र पारिएको छ। अहिले देशभर करिब ३४ हजार सहकारी संस्था छन् भने तिनीहरूमा ८० लाखभन्दा बढी सदस्य आबद्ध छन्।

बखानसिंह गुरुङले सहकारीसँगै शिक्षालाई पनि उत्तिकै जोड दिए। उनकै पहलमा २०१२ सालमा शारदानगरमा विद्यालय स्थापना भयो। विद्यालय त स्थापना गरियो तर शिक्षक कहाँबाट ल्याउने ? त्यो समयमा पढेका दक्ष जनशक्ति पाउनै मुस्किल थियो। बखानसिंहले नै जनकपुरबाट कुशेश्वर उपाध्यायलाई ल्याएर शिक्षक नियुक्त गरेको विद्यालयको स्वर्णजयन्ती स्मारिकामा उल्लेख छ। आफ्ना छोराछोरीलाई शिक्षा दिनुपर्छ भन्ने चेत भएका स्थानीयले बखानसिंहको अभियानलाई गाँस काटेरै पनि सहयोग गरेका थिए।

वसन्त पञ्चमीको तिथि पारेर स्थापना गरिएको शारदानगर प्राथमिक विद्यालय २०१७ माघ १२ गते निमावि र २०२१ साल पुस २१ गते माविमा स्तरोन्नति भएको थियो। पूर्वमन्त्री रामबहादुर थापा 'बादल', वरिष्ठ सञ्चारकर्मी युवराज घिमिरेलगायत दर्जनौं राष्ट्रिय व्यक्तित्वले विद्यालय शिक्षा शारदानगर माविबाटै पूरा गरेका थिए।

बखानसिंह र प्रजातन्त्र स्थापना तथा प्राप्तिका लागि सहादत प्राप्त गर्ने बखानसिंहकै छोरा लालध्वजलगायतलाई चितवनका दर्जनौं सहिदलाई सम्मान व्यक्त गर्न भन्दै सहिद स्मारक कलेज बखानपुर स्थापना गरिएको छ।

बखानसिंह गुरुङलाई सहकारीका जन्मदाताका रूपमा मात्र बढी चर्चा गरिँदा उनको अर्को महत्त्वपूर्ण पाटो राजनीतिक व्यक्तित्व ओझेल परेको देखिन्छ। २००७ सालमा राणाविरोधी आन्दोलनमा होस् या २०१७ सालमा राजा महेन्द्रले राजनीतिक 'कु' गरेपछि पञ्चायतविरुद्ध नेपाली काङ्ग्रेसले गरेको सशस्त्र क्रान्तिमा होस्, बखानसिंह सधैं अग्रिम मोर्चामा रहे। बखानसिंह मात्र होइन, उनको परिवार नै क्रान्तिको अगुवा रह्यो। नेपालको राजनीतिक इतिहासमा आन्दोलनकै क्रममा दुईजना छोरा गुमाउने बखानसिंहको जीवनबाट राजनीतिलाई अलग्याउने हो भने देशलाई उनले दिएको देन अपूरो हुन्छ।

बखानसिंह गुरुङको जन्म कालु गुरुङ र बादुलीमाया (बतु) गुरुङको कान्छो सन्तानका रूपमा वि.सं. १९५६ सालको वैशाख ५ गते तनहुँको पुलिमराङमा भएको थियो। पूर्वप्रधान सेनापति छत्रमानसिंह गुरुङ आफ्नो आत्मकथा 'जनताको छोरो'मा लेख्छन्, 'मेरा बाजे दलबहादुरले बखानसिंहलाई सेनामा भर्ती हुन सहयोग गरेछन् र सोहीअनुसार ग्रुमिङ पनि गरेछन्। उहाँ डबल प्रमोसन खाँदै लप्टन भएर तनहुँको सदरमुकाम बन्दीपुरमा कमाण्डर भएर आउनुभएछ।' क्याप्टेनमा बढुवा भएपछि उनी तनहुँको बन्दीपुरबाट गोरखाको मकैसिंहमा सरुवा भएका थिए।

देशभर राणाविरोधी आन्दोलन चर्कन थाल्यो। उनी ठिक त्यही समयमा अवकाश भए र राणाविरोधी आन्दोलनमा होमिए। उनका कान्छा छोरा धर्मध्वज पनि राणाविरोधी आन्दोलनको नेतृत्व नै गरेर अगाडि बढिरहेका थिए। धर्मध्वजकै नेतृत्वमा लमजुङको तत्कालीन सदरमुकाम कुन्छा कब्जा गरिएको थियो।

धर्मध्वज २००७ सालको पुस २९ गते तनहुँको बन्दीपुरमा भएको राणाविरोधी आन्दोलनको अग्रिम मोर्चामा थिए। राणाविरोधी आन्दोलनमा सहभागीहरू अगाडि बढ्दै थिए। सेनाले फायर खोल्यो। अधिकांश तितरबितर भए तर केही आन्दोलनकारी गोलीकोसमेत पर्वाह नगरी अगाडि बढे। सेनाले चलाएको गोली लागेर केही आन्दोलनकर्मी त्यहीं ढले। बन्दीपुर बजार छिनमै मसानघाटमा परिणत भयो। स्थानीय सबै ढोका थुनेर लुके। सेनाले केही लास बजारमै छाडिदिए भने केही लास राति टुँडिखेलको पछाडि भिरमा लगेर फालिदिए।

त्यस घटनामा धर्मध्वज गुरुङ, धर्मराज श्रेष्ठ, चन्द्रबहादर सार्की, खड्कबहादुर गोदार, सन्तबहादुर राना, उत्तरकुमार श्रेष्ठलगायतले सहादत प्राप्त गरे। धर्मध्वजले सहादत प्राप्त गरेपछिको अवस्थामा केन्द्रित रहेर रचना गरेको तीनवटा कविता राष्ट्रकवि माधवप्रसाद घिमिरेले आफ्नो चर्चित कविता तथा गीतको सँगालो कृति 'किन्नर-किन्नरी'मा पनि समावेश गरेका छन्।

बन्दीपुर घटनापछि राणापक्ष (तत्कालीन सरकार पक्ष) रातारात पछि हट्न बाध्य भयो। आन्दोलनको आगो बल्ने स्थिति रहेकाले उनीहरू रातारात भाग्न बाध्य भए। श्रीभद्र शर्माले तत्काल जनसरकार गठन गरे। बखानसिंह गुरुङ शर्मा नेतृत्वको जनसरकारका रक्षामन्त्री बने। २००७ साल फागुन ७ गते एक




९


१०




११



तस्बिर : चितवनमा **विवेक पोखेल**, काठमाडौंमा **संजित परियार**, नुवाकोटमा **दिपेन्द्र ढुंगाना**, वीरगन्जमा **यादव तिवारी**, बागलुङमा **नारायण रिजाल**, मकवानपुरमा **पोस्टराज अधिकारी**,धनकुटामा **सन्तोष रुचाल**, कञ्चनपुरमा **मोहन विष्ट**

सय चार वर्ष लामो जहानियाँ राणा शासनले घुँडा टेक्यो । आन्दोलन सफल भए पनि तनहुँमा गठन गरिएको जनसरकार भने कायमै थियो । २००८ असार १८ गते नेपाल सरकारले विघटन गर्न आदेश दिएपछि मात्र शर्मा नेतृत्वको जनसरकार विघटन भएको थियो ।

नेपाली कांग्रेसमा आबद्ध बखानसिंह गुरुङको इमानदारी, लगनशीलता, कामप्रतिको प्रतिबद्धता, राजनीतिक छवि र उचाइबाट तत्कालीन राजा त्रिभुवन पनि प्रभावित भएको पाइन्छ । त्यसैले राजा त्रिभुवनले बखानसिंहलाई २००८ मा राजसभा स्थायी समितिको सदस्य नियुक्त गरे । भित्री मधेस र तराईको समुचित विकास गर्ने क्रममा चितवन राज्यको पहिलो रोजाइमा परेको स्थान थियो । त्यसैले त्रिभुवनले बखानसिंहलाई चितवन विकास गर्ने क्रममा विशेष दूत बनाएर पठाएको पाइन्छ ।

राजा त्रिभुवनको आदेशबमोजिम उनी २००९ साल चैतको २९ गते हालको क्षेत्रपुर पुगे । त्यसवेला चितवन जंगलैजंगलले ढाकिएको थियो । पहिलो रात उनले एक रुखमुनि बिताएको बताइएको छ । उनले चितवनमा बस्ती मात्र बसाएनन् । उनीहरूलाई साह्रो-गाह्रो पर्दा साथ र सहयोग पनि गरे ।

२००७ सालको क्रान्तिमा एक छोरा गुमाएका बखानसिंहले २०१८ सालको क्रान्तिमा अर्को छोरा पनि गुमाए । यस्तै, ७ भदौ २०१९ मा ललितपुर ट्रिब्युनले बखानसिंहलाई सर्वस्वहरणसहित आजन्म जेल सजाय सुनाएको थियो ।

२०१५ सालको आमनिर्वाचनमा बखानसिंह चुनाव लड्ने सोचमा थिए । तर, विश्वबन्धु थापाले चितवनबाटै चुनाव लड्ने इच्छा देखाएपछि कांग्रेसले थापालाई नै टिकट दियो । बखानसिंहलाई टिकट नदिई विश्वबन्धुलाई दिनुपर्दा आफूलाई दुःख लागेको तर बखानसिंहले भने नेतृत्वको निर्णय स्वीकार गर्छु भनेर सजिलो बनाइदिएको बिपी कोइरालाले आफ्नो पुस्तक 'आत्मवृत्तान्त'मा उल्लेख गरेका छन् । २०१६ सालमा बिपी कोइरालाले बखानसिंहलाई पूर्ववाचाअनुसार माथिल्लो सदन महासभा (राष्ट्रिय सभा)को सदस्य बनाए र उनी महासभाको कार्यकारी अध्यक्षसमेत भए ।

२०१७ पुस १ मा तत्कालीन राजा महेन्द्रले पञ्चायती व्यवस्था सुरु गरेसँगै प्रधानमन्त्री बिपी कोइरालासहित कांग्रेसका अधिकांश उच्च नेता बन्धक बनाइँदा बखानसिंह पनि जेल परे । १ पुसको घटनालगत्तै बखानसिंहका जेठा छोरा लालध्वज भारतको कलकत्ता पुगे ।

नेपाली कांग्रेसले महेन्द्रको कदमविरुद्ध सशस्त्र संघर्ष गर्ने निर्णय गऱ्यो । चितवन हुँदै त्यस भेगमा सशस्त्र संघर्ष थाल्न भारतको नरकटियागन्जमा क्याम्प खडा गरियो । बखानसिंह राजाको कदमलाई स्वागत गर्ने सर्तमा जेलमुक्त भए । तर, बखानसिंहले कलकत्तामा गएर सुवर्ण शमशेरलाई भेटे र नरकटियागन्जको नेतृत्त्व लिएर तालिम दिन थाले ।

बखानसिंह नरकटियागन्ज गएपछि चितवनबाट ठूलो संख्यामा पूर्वसैनिक तथा प्रहरीसमेत उता लागे । यसरी पूर्वसैनिक र प्रहरीको सहभागिताले नरकटियागन्जको तयारी र तालिमलाई थप सशक्त बनायो । माघ तेस्रो साता नरकटियागन्जबाट चारवटा टोली बनाएर चितवन कब्जा गर्न पठाइयो । दोस्रो टोलीमा बखानसिंहकै छोरा लालध्वज पनि थिए । २६ माघको राति भरतपुरमा नेपाली कांग्रेसको झन्डा फहराइयो, यद्यपि त्यसको दुई दिनपछि नै भरतपुर सरकारी सेनाले कब्जामा फिर्ता लिएर नियन्त्रणमा लियो ।

सरकारी सेनाले भरतपुर कब्जा फिर्ता लिएपछि नियन्त्रणमा लिएका कतिपयलाई हत्या गरेको थियो भने भाग्न सफल क्रान्ति योद्धा अन्यत्र लागे । लालध्वजलगायत केही तनहुँको मनपाड पुगेका थिए । तर, स्थानीय एक व्यक्तिले सुराकी दिएपछि भिमाद प्रहरी चौकीबाट गएको टोलीले लालध्वजलगायत पाँचजनालाई गिरफ्तार गरेर पोखरा लग्यो । उनीहरूको पोखराबाट जेल सरुवा गर्ने बहानामा कोत्रे खोलामा ल्याएर गोली हानी हत्या गरियो । २००७ सालको क्रान्तिमा एक छोरा गुमाएका बखानसिंहले २०१८ सालको क्रान्तिमा अर्को छोरा पनि गुमाए । यस्तै ७ भदौ २०१९ मा ललितपुर ट्रिब्युनले बखानसिंहलाई सर्वस्वहरणसहित आजन्म जेल सजाय सुनाएको थियो ।

२०१८ सालदेखि २०२५ सालसम्म करिब आठ वर्ष निर्वासनमा बसेपछि बखानसिंह गुरुङ स्वदेश फर्किए । स्वदेश फर्किएका अधिकांशले पञ्चायती व्यवस्था स्वीकार गरे र सर्वस्वहरण भएका अधिकांशको सम्पत्ति फिर्ता भयो । तर, बखानसिंहको बरुवामा रहेको साढे आठ बिगाहा जमिन अहिलेसम्म पनि फिर्ता भएको छैन । बरुवामै रहेको २६ बिगाहा जग्गा फिर्ता हुन पनि पञ्चायतको अन्त्य हुनै पऱ्यो । जबकि उनी आफैं पञ्चायती व्यवस्था रहेकै वेलामा मन्त्रीसमेत भएका थिए ।

चितनवको शारदानगरको नाम २०१८ सालसम्म बखानपुर थियो । तर, बखानसिंह राजा महेन्द्रको कदमविरुद्ध क्रान्तिमा लागेपछि बखानपुरको नाम शारदानगर राखियो । बखानसिंहको इतिहास नामेट पार्न एकपछि अर्को कदम चालिँदै गयो । तत्कालीन सरकार मात्र होइन, बखानसिंहका कारण आफ्नो राजनीतिक भविष्य समस्यामा पर्न सक्ने देखेका अन्य पनि यसमा कुनै न कुनै रूपमा सहभागी भएका थिए ।

बखानसिंह गुरुङ स्वदेश फर्किएपछि धेरैजसो समय काठमाडौंमै बस्न थाले । बखानसिंहको काठमाडौं बसाइबारे पूर्वप्रधानसेनापति छत्रमानसिंह गुरुङले आफ्नो आत्मकथा 'जनताको छोरो'मा उल्लेख गरेका छन्, 'उहाँ नाताले मेरो फुपाजु बाजे हुनुहुन्छ । २०३१ सालबाट उहाँ हामीसँगै बस्नुभयो । बखानसिंह बाजे २०३६ सालको जनमत संग्रहमा बहुदलको पक्षमा धेरै सक्रिय हुनुभयो, तर नतिजा बहुदलको पक्षमा आएन । उहाँ पार्टीले आफ्नो यथोचित मूल्यांकन, स्थान र कदर नगरेको भन्दै केही असन्तुष्ट हुनुहुन्थ्यो । २०३८ सालमा सुधारिएको राष्ट्रिय पञ्चायत सदस्यमा चितवन निर्वाचन क्षेत्र नम्बर २ बाट चुनाव लड्नुभयो । चुनावमा उहाँ सबैभन्दा बढी मत ल्याएर विजयी हुनुभयो ।'

बखानसिंह गुरुङ राष्ट्रिय पञ्चायत सदस्यमा निर्वाचित भएपछि २०३९ सालमा कानुन तथा न्याय र भूमिसुधार मन्त्री बन्न सफल भए । जीवनको उत्तरार्द्ध अर्थात् ८४ वर्षको उमेरमा उनी मन्त्री भएका थिए । मन्त्री भएको अर्को वर्ष उनी केही अस्वस्थ भए । उपचारका लागि उनलाई थाइल्यान्डको बैंकक लगियो । उनको हेरचाहका लागि मन्त्रालयकै एक कर्मचारी खटाइएको थियो । बैंककमा उपचार गरिँदा पनि उनको स्वास्थ्यमा खासै सुधार भएन । उनलाई नेपाल नै ल्याइयो । अन्ततः मन्त्री बहाल रहेकै अवस्थामा २५ माघ २०४० मा उनको उपचारकै क्रममा पाटन अस्पतालमा निधन भयो ।

प्रजातान्त्रिक आन्दोलनका अगुवा, सहिद पिता, राजनीतिक धरोहर एवं सहकारी अभियन्ता बखानसिंह गुरुङको योगदानको उचित सम्मान हुन नसकेको देव बस्न्यातले जनाएका छन् । तनहुँको दमौलीस्थित व्यास नगर तमू सुधार समाजले २०७३ सालमा प्रकाशन गरेको स्मारिकामा 'नेपालमा सहकारी आन्दोलनका प्रथम अभियन्ता' शीर्षकको लेखमा उनले लेखेका छन्, 'वैदिक सनातन धर्मका प्रणेता वेदव्यासको नाममा तनहुँमा व्यास नगरपालिका बनेको छ । यसैगरी नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यको नाममा भानु नगरपालिका पनि बनेको छ । नेपाल सहकारी आन्दोलनका प्रथम अभियन्ता बखानसिंहको नाममा पनि स्थानीय तहको पुनर्संरचना हुँदा नगरपालिका नभए पनि गाउँपालिका बन्नैपर्ने हो... ।'

बस्न्यातले अगाडि लेखेका छन्, '... सहिदहरूका पिता एवं नेपाल सहकारी आन्दोलनका प्रथम अभियन्ताको नाममा उनको जन्मथलो पुलिमराङलाई बखान गाउँपालिका नामकरण गर्न सकिन्थ्यो । बखानसिंहको कर्मथलो चितवन नगरपालिकाले बखान नगरपालिका नाम पाएको भए पनि हुन्थ्यो । त्यति भएको भए बखानसिंहको आत्माले पक्कै पनि न्याय पाएको अनुभूति गर्ने थियो होला ।' बस्न्यात अझ एक कदम अघि बढेर लेख्छन्, 'बखानसिंह गुरुङलाई न्याय दिन राम्रा कामलाई हाम्रा सम्झेर नेपालको राष्ट्रिय विभूति घोषणा गर्नुपर्छ ।'

हिमाली कृषक महिला भन्छन्- उहिले हलो पनि जोतेँ

हिमाली महिलाले कृषि धान्छन्, तर अधिकांश खेतबारी पुरुषकै नाममा


हुम्लाकी किसान नकी लामा



कुन्साङ
nkunsang779@gmail.com

कृषि

असार अर्थात् कामको महिना । हिमाली महिलाहरू बिहानै फापर गोड्न जाँदै थिए । करिब एक सय घरधुरी भएको खगाल गाउँ बर्खामा प्रायः सुनसान देखिन्छ । यस्तो लाग्छ, गाउँमा मान्ठहरू नै बस्दैनन् । तर, फापर र चिनुको खेतमा भने मान्ठहरूको चहलपहल बढेको देखिन्छ । ८३ वर्षीया ढुवा तामाङ पनि असारे कामका व्यस्त थिइन् । उनी चिनुको कलिलो बिरुवाहरूलाई प्रेमपूर्वक हेर्दै गोड्दै थिइन् । 'हलो पनि जोतेँ । वनमा डढेलो लगाएर पनि खेती गरेँ ।' चिनु गोड्दै-गोड्दै ढुवा तामाङले पुराना दिनहरू सम्झिइन् ।

महिलाले हलो जोत्नु हुन्न, हलो जोतेमा अपसगुन हुन्छ भन्ने रुढीवादी मान्यता समाजमा अझै छ । चिनु गोड्दै ढुवाले ती दिन सम्झिँदै भनिन्, 'महिलाहरूले हलो जोत्नु हुँदैन भन्छन् । तर, मैले त उहिले हलो पनि जोतेँ ।'

ढुवा तामाङले बाउरे भेटिन्छ कि भनेर केही दिन पर्खिइन् । धेरै दिन खोज्दा पनि काम गर्ने कोही भेटिनन् । बाउरे खोज्दा-खोज्दै निराश भएर उनी घर फर्किँदै थिइन् । घरमा चारजना छोरीहरू उनकै बाटो हेरिरहेका थिए । उनले वरैबाट एकछिन बच्चाहरूलाई हेरिन् । मृत लोग्ने सम्झिइन् । बच्चाहरू हेरेपछि उनले निष्कर्ष निकालिन्- महिलाले हलो जोत्यो भनेर पाप लाग्दैन । बरु जमिन बाँझै राखेर बालबच्चा भोकै राखियो भने चाहिँ पाप लाग्छ ।

भन्छिन्, 'त्यसपछि गोठबाट दुइटा जोपा र हलो लिएर बारीमा निस्किएँ । खै त त्यस्तो नराम्रो केही पनि भएन । बरु राम्रै भयो । त्यतिवेला मैले हलो जोतेर त हामी बाँच्यौं नि ! हलो नजोतेको भए भोक-भोकै मर्थ्यौं ।'

वि.सं. १९९६ तिर ढुवा जन्मिँदा मान्ठहरू पूर्ण रूपमा आफ्नै जग्गा-जमिनमा निर्भर थिए । त्यतिवेला न तिब्बतबाट मैदा आउँथ्यो, न तराईबाट चामल नै । मान्ठहरू आफ्नै खेतबारीमा फलेको अन्नले जसोतसो गुजारा चलाउँथे । उनले पनि आफ्ना छोरीहरूलाई त्यसरी नै हुर्काइन् ।

उनी सम्झिन्छन्, 'त्यतिवेला हिउँ नपर्दासम्म थाङमुछेमा हाट लाग्थ्यो । फापरको पिठो बोकेर हाट भर्न हामी थाङमुछे जान्थ्यौं । भेडाबाख्रा हुनेहरू अछामबाट चामल ल्याउँथे । कोही उवा ल्याउँथे । तिब्बतीहरू डल्लो नुन बोकेर थाङमुछे आउँथे ।' उनका अनुसार कर्णाली नदीको डिलमा रहेको थाङमुछे बजार फापर, नुन, उवा, चामल र हाट भर्न आउने मान्ठहरूले टन्न भरिन्थ्यो । भन्छिन्, 'फापरको पिठोसँग नुन साट्थ्यौं । दुई पाथी फापरको पिठोको एक पाथी नुन पाइन्थ्यो ।'

त्यतिवेलाका व्यापारीहरूले पिठो, चामल, नुन आदि नाप्ने मान्ठ राखेको हुन्थ्यो । पिठो नाप्नेहरू टाउकोदेखि खुट्टासम्म सेतै देखिन्थे । कुरा नसकिँदै उनले दुईपटक हातले लुगा टक्टकाइन् । मानौं, उनले पिठोसँग नुन साटेको पनि आजै हो । तर, समय निकै बितिसकेको छ ।

समय सधैं उस्तै रहेन । अहिले चीनतिर उवा पठाइन्थ्यो, अहिले चीनबाटै उवा किनेर ल्याउँछौं । ०७४/७५ सम्म हुम्लातिर मंसिरमा उवा, जौ र गहुँ धेरै हुन्थ्यो । हिउँदभरि हिउँमा कट्याग्रिएको उवा चैत-वैशाखमा हिउँ बिलाएसँगै उम्रिन्थ्यो । र, असारे घाम पर्हेलपुर उवासँगै उदाउँथ्यो र अस्ताउँथ्यो । उवा काट्ने प्रायः महिलाहरू नै हुन्थे । पुरुषहरू दिनभर भारी ओसार्थे ।

हिउँदको हिउँ र बर्खाको पानीको भरमा खेती गर्नेहरूले समयमा हिउँ र पानी पर्न छाडेपछि उवा, गहुँ र जौ लगाउन छाडिदिए । उवा, जौ र गहुँ हराएपछि हिउँदे बाली लगाउने खेतहरू असारसम्म बाँझै रहन्छन् । अचेल असारे टन्टलापुर घामले उवासँगै पर्हेलपुर भएर उदाउने, अस्ताउने अवसर पाउँदैन ।

०००

समयले कोल्टे फेरेसँगै जीविकोपार्जनका अनेक माध्यम खुले । उहिले जीविका चलाउन महिला र पुरुष दुवैले खेतीपातीको काम गर्थे । जीविकोपार्जनका नयाँ-नयाँ माध्यम खुलेपछि पुरुषहरू अन्य काममा बाहिर-बाहिरै बस्न थाले । अहिले खेतीपातीको सम्पूर्ण काम प्राय : महिला किसानले नै धानिरहेका छन् ।

हिमाली महिलाहरू अहिले पनि चराहरूको चिरबिरसँगै बिहानै उठ्छन् । आत्तिँदै खेतमा पुग्छन् । घामपानी नभनी दिनभरि काम गरेर बेलुकी थकित भई घर फर्किन्छन् । खेतीपातीको काम सुरु भएदेखि महिलाहरूको हातबाट कुमा र हँसिया, कम्मरबाट थाक्प (डोरी) कहिले छुट्दैन । तैपनि खेतीपाती गर्ने महिलाहरूको अवस्था भने अझै उस्तै छ- सुरक्षाविहीन, अधिकारविहीन र उन्नतिविहीन । खेतीपाती धान्ने महिलाहरू छन्, तर अधिकांश खेतहरू पुरुषकै नाममा छ । गाउँपालिकाले हालै सुरु गरेको सर्वेक्षणको प्रारम्भिक नतिजाले पनि पुरुषकै नाममा अधिकांश खेतबारी रहेको देखाएको छ ।

हिमाली महिला अहिले पनि चराहरूको चिरबिरसँगै बिहानै उठ्छन् । आत्तिँदै खेतमा पुग्छन् । घामपानी नभनी दिनभरि काम गरेर बेलुकी थकित भई घर फर्किन्छन् । खेतीपातीको काम सुरु भएदेखि महिलाहरूको हातबाट कुमा र हँसिया, कम्मरबाट थाक्प (डोरी) कहिल्यै छुट्दैन ।

ढुवा भन्छिन्, 'उहिले जंगल फाँडेर फापर लगाउँथे । जोपा, घोडामा फापर ओसारेर खाडलमा गाड्थे । प्रायः सबैको घरमा फापरको खाडल हुन्थ्यो । अहिले कहाँ फल्छ र !'

गाउँका किसान महिलाहरूको एउटै बोली छ, 'अचेल त खै के भाको के भाको ! कहिले वेलामा हिउँ र पानी नपरेर बाली उम्रिँदैन । कहिले बेमौसममा धेरै हिउँपानी परेर अन्नबाली राम्रो हुँदैन । अहिले त गाउँमा कसैको पनि फापर राख्ने खाडल छैन होला ।' ताक्लाकोटबाट मैदा र तराईबाट चामल नल्याउने हो भने आफ्नै खेतबारीमा फलेको अन्नले ६ महिना पनि खान नपुग्ला । हाल गाउँपालिकाले गर्दै गरेको सर्वेक्षणले कृषिबाट हुने आम्दानी शून्यबराबर देखाएको छ ।

कृषिबाट आम्दानी शून्य हुनु भनेको महिला कृषकहरूको आम्दानी पनि शून्य हुनु हो । आफ्नै खेतबारीमा फलेको अन्नले बजार नपाउँदा कृषिबाट आम्दानी शून्य हुने नै भयो । कृषिलाई व्यावसायीकरण गर्न नसक्दा महिला कृषकहरूको आम्दानी पनि शून्य हुन पुगेको छ । महिला कृषकहरू आज पनि आर्थिक रूपमा अरूमाथि निर्भर हुनुपरेको छ ।

सर्वेक्षणको क्रममा धेरैजना महिलाले साना-साना आवश्यकता पूरा गर्न पनि छोरा या लोग्नेको भर पर्नुपर्ने विडम्बना सुनाए । हिमाली महिलाहरू यति चाहन्छन्, आफ्नो जरुरतका लागि अरूको अघि हात फैलाउन नपरोस् । आफैंलाई मन लागेको ठाउँमा निर्धक्क खर्च गर्न पाइयोस् । उनीहरू चाहन्छन्, आफैंले उत्पादन गरेको अन्नबालीबाट केही पैसा भए पनि आम्दानी होस् ।

कृषिबाट आम्दानी शून्य हुन थालेपछि अहिले धेरै कृषक खेतीपाती छाडेर अन्य व्यावसायमा लाग्न थालेका छन् । जसका कारण खेतबारी बाँझो हुन थालेका छन् । कतिले अरूलाई गरिखान दिएको छ । निमा आङ्मु भन्छिन्, 'छन त आफ्नो जमिनको माया कति छ कति । तर, माया भएर मात्र के गर्नु ? बर्खाभरिको कामले हिउँदभरि खान पनि पुग्दैन ।'


फापर, कोदो, चिनु, सिमी आदि फल्ने खेतहरू बाँझो जमिनमा परिणत हुँदै गएका छन् । जसरी हाम्रो गम (अन्न राख्ने काठको ठुलो बाकस)बाट उवा, गहुँ र जौ हराए, त्यसरी नै हाम्रो खाडलबाट पनि फापर, चिनु र कोदो हराउँदै जान थालेको छ ।

०००

अर्का स्थानीय ९३ वर्षीया चोङ्मु लामा भन्छिन्, 'उवेला त ठालुहरूलाई ठाल पनि तिर्नुपर्थ्यो । फापर, चिनु, कोदो आदि बोकेर फया शाही गाउँ पुऱ्याउँथ्यौं । ठालुहरूको घरमा ठाल पुऱ्याएर फर्किंदा बाटैमा रात पर्थ्यो । अँध्यारोमै हिँडेर राति घर पुग्थ्यौं । अहिले त सुखै छ । धेरै थोरै जत्ति उत्पादन भए पनि आफ्नै काम गरेको अन्न अरूलाई दिनु पर्दैन ।' यो सायद त्यत्तिवेलाको कुरा हुनुपर्छ, जतिवेला देशमा महेन्द्रीय शासन सुरु भएको थियो ।

चोङ्मु थप्छिन्,' अहिले खेतमा काम गर्नेहरूलाई पनि सजिलो छ । पानी परेको वेला लगाउने छ्यारक्होही (रेनकोट) छ । उहिले त हामी पानीमै काम गर्थ्यौं । त्यही भएर त होला अचेल घुँडा धेरै दुख्छ ।' उनले भनेजस्तै बर्खामा पानी परेको वेला पनि महिलाहरू रेनकोट लगाएर गोड्न जान्छन् । भर (झार) उखेल्दा-उखेल्दै हातको रङ फेरिन्छ । तर, उनीहरूको अवस्था अहिलेसम्म फेरिएको छैन । महिला किसानहरूको मिहिनेत हेर्न पट्पटी फुटेका हातका औंला हेरे पुग्छ । पट्पटी फुटेका हात र खुट्टाले मिहिनेत, परिश्रम र पसिनाको परिभाषा फेरिदिन सक्छ । ती फुटेका औंलाले एक-एक दाना अन्न फलाउन गरेको संघर्षको कथा भनिइरहेझैं लाग्छ ।

भारतीय नेताहरू आफूलाई किन 'एकल' देखाउँछन् ?



अमेरिकी राष्ट्रपति जो बाइडेन र प्रथम महिला जिल बाइडेन भारतीय प्रधानमन्त्री मोदी (बीचमा)लाई निजी रात्रिभोजका लागि ह्वाइट हाउसमा स्वागत गर्दै । तस्बिर : एरिन स्काफ/द न्युयोर्क टाइम्स

हाल अविवाहित समूहमा रहेका नेताहरूमध्ये कसैले पनि मोदीले भन्दा बढ्ता प्रभावकारी रूपमा एकल जीवनलाई भजाएर लाभ उठाउन सकेका छैनन्

सन् २०१४ को चुनावी सभालाई सम्बोधन गर्दै मोदीले भनेका थिए- मलाई कुनै पारिवारिक बन्धन छैन, भ्रष्टाचार गरेर मैले कसलाई पो लाभ पुऱ्याउनु ?

■ सुबासिनी राज

विश्व

परिवारकेन्द्रित छवि संयुक्तराज्य अमेरिकामा अक्सर राजनीतिक आकर्षणको केन्द्र हुने गर्छ जब कि भारतका थुप्रै शीर्ष नेताहरू आफूलाई घर-परिवार त्यागेको (तीमध्ये प्रधानमन्त्री मोदी प्रमुख हुन्) छविमा प्रस्तुत गर्छन् । आफूसँग परिवार नभएकाले आफू र राष्ट्रका बीच अन्य कुनै प्राथमिकता नहुने दाबा गर्छन् ।

काम र जीवनबीच सन्तुलन विश्वको सबैभन्दा ठूलो लोकतान्त्रिक देशका राजनीतिज्ञका जीवनमा लागू हुँदैन । उनीहरू एक अर्ब ४० करोड जनताको आवश्यकता पूरा गर्न सदैव व्यस्त रहन्छन् र आफू पर्याप्त नसुत्ने उद्घोष गर्नमा प्रतिस्पर्धा गर्छन् । (मोदीका सहयोगी प्रधानमन्त्री रातमा केवल चार घन्टा मात्रै सुत्ने बताउँछन् ।) 'मेरो जीवनको हरेक पल, मेरो शरीरको प्रत्येक छिद्र केवल मेरा देशवासीका लागि हो,' सन् २०१९ को आमनिर्वाचनमा पुनः विजयी भएपछि प्रधानमन्त्री मोदीले भनेका थिए ।

भारत एकनिष्ठ राजनीतिक भक्तिको दाबा गर्ने एउटा अनौठो स्थान भएको प्रतीत हुन्छ । यहाँ, आफूभन्दा पहिला प्राथमिकतामा परिवार आउँछ र मागीविवाहले परिवारलाई एकताबद्ध राख्छ । राजनीतिमा वंशवाद महत्त्वपूर्ण रहेको छ । एउटा अध्ययनअनुसार नवनिर्वाचित संसद् सदस्यहरूमध्ये झन्डै एकतिहाइका नातेदारहरूले सार्वजनिक वा पार्टीका प्रमुख पद धारण गरेका छन् ।

तर, भ्रष्टाचारबाट आजित भएको एउटा देश, जहाँ सांसदहरू आफू र आफ्ना परिवारलाई नै पोस्न अभ्यस्त छन्, आफ्ना छोराछोरीको राजनीतिक भविष्य सुनिश्चित गर्न लागिपरिरहेका छन्, यस्तोमा अधिकांश मतदाता अविवाहित राजनीतिज्ञले राज्यकोषमा लुट चलाउने सम्भावना कम हुने विश्वास गरिने नै भयो । 'यस्ता व्यक्तिको व्यक्तिगत स्वार्थ हुँदैन । त्यसैले उनीहरू जनताका हुन् भन्ने निकै बलियो धारणा व्याप्त छ,' पत्रकार तथा लेखक अजय बोस भन्छन् ।

अधिकांश भारतीय युवाले विवाहको तीव्र दबाब सामना गर्ने गर्छन् । 'तर, राजनीतिक र आध्यात्मिक क्षेत्रमा अविवाहित व्यक्तिलाई निस्वार्थ र त्यागी व्यक्तिका रूपमा हेरिन्छ । उसलाई भगवान् वा देवीको रूपमा प्रशंसा गरिन्छ,' बोस भन्छन् ।

अविवाहित राजनीतिज्ञहरूको समूहमा प्रमुख प्रतिपक्षी दल भारतीय राष्ट्रिय कांग्रेस पार्टी (कंग्रेस आई)का नेता राहुल गान्धी र पश्चिम बंगाल राज्यकी शीर्ष राजनीतिज्ञ एवं प्रधानमन्त्री मोदीकी प्रखर विरोधी ममता बनर्जी मुख्य हुन् । (बनर्जी मोदीभन्दा पनि कम केवल तीन घन्टा मात्रै सुत्ने बताइन्छ) ।

अन्य अविवाहित (भारतीय) राजनीतिज्ञहरूमा उडिसा राज्यका शक्तिशाली मुख्यमन्त्री नवीन पटनायक, भारतको सबैभन्दा धेरै जनसंख्या भएको राज्य उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ (जो एक हिन्दू सन्न्यासी हुन् र जसलाई मोदीको सम्भावित उत्तराधिकारीका रूपमा पनि हेरिन्छ) र कथित तल्लो जातका भारतीयहरूको सबैभन्दा ठूलो राजनीतिक संगठनकी मुखिया मायावती मुख्य छन् । (सुश्री मायावतीका जीवनीकार बोसका अनुसार उनले आफ्नो शयनकक्षमा महत्त्वपूर्ण बैठक आयोजना गर्छिन् र नाइट गाउन (सुत्ने कपडा)मै कर्मचारीहरूसँग भेटघाट गर्छिन् ।)

निःसन्देह, उनीहरूभन्दा अगाडि मोहनदास करमचन्द्र गान्धी थिए, जसले १३ वर्षको उमेरमा मागीविवाह गरेर चार सन्तान जन्माएपछि ३० को उमेरमा 'यौनजन्य गतिविधि' परित्यागको कसम खाँदै आफूलाई बेलायतबाट भारतलाई स्वतन्त्रता दिलाउने लडाइँमा होमेका थिए ।

'तर, हाल अविवाहित समूहमा रहेका नेताहरूमध्ये कसैले पनि मोदीले भन्दा बढ्ता प्रभावकारी रूपमा एकल जीवनलाई भजाएर लाभ उठाउन सकेका छैनन्,' राजनीतिक टिप्पणीकार एवं सम्पादक नीरजा चौधरी भन्छिन् ।

'त्यो छविको रचना उनको टोलीले होसियारीपूर्वक गरेको छ । हवाईजहाजको भ्याङमा होस् वा अन्डरपासको उद्घाटनमा वा बुलेट ट्रेनमा बस्दा होस् तपाईंले फ्रेममा केवल मोदीलाई मात्रै पाउनुहुनेछ,' चौधरी भन्छिन्, 'यसको राजनीतिक सन्देश के हो भने- म त्यहाँ तपाईंसँगै छु । म सबै चिजको प्रबन्ध गर्नेछु ।'

७२ वर्षीय मोदी भव्य प्रधानमन्त्रीनिवासमा एक्लै बस्छन् । उनको काम उनको अस्तित्वको समग्रताजस्तो देखिन्छ । तर, उनको जीवनकथा त्यति सरल भने छैन ।

किशोरावस्थामा नै उनले वैवाहिक जीवन (मोदीको मागीविवाह भएको थियो) त्यागे र आध्यात्मिक अर्थ खोज्दै हिमालयमा भौंतारिए । दक्षिणपन्थी हिन्दूवादी संगठनको नेतृत्व पंक्तिमा सामेल भए र नेता बने ।

सन् २००० को दशकको सुरुवातमा सम्पन्न प्रान्तीय निर्वाचनमा उम्मेदवार हुँदा उनले आफ्नो वैवाहिक स्थिति बारेको चुनावी प्रश्नावलीको स्थान खाली छोडेका थिए । सधैं आफूलाई अविवाहित रूपमा चित्रण गरेका उनले सन् २०१४ मा सम्पन्न प्रधानमन्त्रीका लागि लडेको पहिलो चुनावी दौडमा भने आफू विवाहित भएको खुलासा गरेका थिए ।

उनी आफ्नी श्रीमतीसँग कहिल्यै नबसेको विश्वास गरिन्छ । विवाह गरेको केही दिनमै उनले घर छोडेर हिँडेका थिए । सन् २०१९ मा एक बलिउड अभिनेतासँगको अन्तर्वार्तामा उनले आफूलाई सानै उमेरमा आफ्नो परिवारबाट 'अलग' गरेको र 'जीवनका सबै सुख परित्याग' गरेको बताएका थिए ।

धेरैजसो मतदाता मोदीको सचेत रूपमा चित्रित छविबाट प्रभावित हुने गरेका छन् । मतदाताको नजरमा उनी एक इमानदार नेता हुन्, जो परिवार र विवाह बन्धनबाट निसृत हुने माग र आवश्यकताबाट अलग र निर्लिप्त एक प्रकारले आध्यात्मिक गुरु पनि हुन् । 'मोदीजीका लागि देश नै उनको परिवार हो,' नयाँदिल्लीमा ट्याक्सी सेवा सञ्चालन गर्ने कम्पनीका मालिक परनित घुमान भन्छन् । मोदी आफैंले पनि यसै भन्ने गरेका छन् ।

सन् २०१४ को चुनावीसभालाई सम्बोधन गर्दै उनले भनेका थिए, 'मलाई कुनै पारिवारिक बन्धन छैन, भ्रष्टाचार गरेर मैले कसलाई पो लाभ पुऱ्याउनु ?'

अविवाहित र एकोनिष्ठ (लक्ष्यमा केन्द्रित) रहने सवालमा केही भारतीय मोदीबाट प्रेरित भएका पनि छन् । तीमध्ये सन्ध्या लिमा एक हुन्, जो उत्तरपूर्वी भारतको एउटा संस्थामा काम गर्छिन्, जुन संस्था प्रधानमन्त्रीका सरकारी कार्यक्रमको प्रवर्द्धन गर्न घरघर पुग्ने गर्छ । 'मैले ४० वर्ष टेकिसकैं । अब पनि अविवाहितै रहनेछु,' उनले भनिन्, मोदीजस्तै म पनि देशका लागि आफ्नो जीवन समर्पण गर्न चाहन्छु ।'

(न्युयोर्क टाइम्सबाट सुभाष शर्माको अनुवाद)



राहुल गान्धी
नेता, कंग्रेस आई



ममता बनर्जी
मुख्यमन्त्री, पश्चिम बंगल



मायावती
अध्यक्ष, बहुजन समाज पार्टी



योगी आदित्यनाथ
मुख्यमन्त्री, उत्तर प्रदेश

लाजेहाङको देश



निर्भीकजंग रायमाझी
nirvikjung@gmail.com

कविता

अचानक ढल्यो एउटा टाउको
आदेशमा मात्तिएको बौलाहा लट्ठीको प्रहारले ।

गर्ल्याम्म...आवाज आयो
ऐया ! सुनियो
तर फेरि जुरुक्क उठ्यो टाउको भुइँलाई ढोगेर
देख्नेहरूले भने, 'खुवालुङ हो लाजेहाङको टाउको
जो यो धरती रहुन्जेल फुट्नेछैन !'

नश्वर शरीर सडकमा यत्तिकै लावारिस थियो
कोसी किनारमा उसलाई जलाउन
कुनै ओभानो घाट थिएन
कात्रो ओढाउन
मृत-संविधानको पानाबाहेक
अन्य कुनै वस्त्र थिएन
सर्वाङ्ग नाङ्गो थियो सभ्यता
जान्नेहरूले भने, 'बलिदान कहिल्यै बेकार हुँदैन
अब लाजेहाङको आत्मा
फक्ताङलुङको चुचुरोमा गएर अडिन्छ !'

अन्ततः लाजेहाङको देह
बुढासुब्बाको काखमा पुऱ्याइयो
फेदाङ्बाको आदेशमा
उसको रगत बुढासुब्बाको बाँसलाई चढाइयो
अस्तुलाई माझकिराँतको 'तीन-चुला'मा गाडियो
रीतिपूर्वक सद्गत गरियो ।

उसको अन्त्यसँगै
राष्ट्रवादको ह्याङओभरले रन्थनिएका
केही याम्बुवासीले सोचे-
'निरीह लाजेहाङ सदाका लागि अस्तायो'
यता हजारौं बलिहाङहरूले
एकै स्वरमा हाक्पारे गाइरहे-
'कोसीमा करोडौं घनमिटर पानी बग्ला
लाजेहाङको रगत पखालिनेछैन !
तिम्रो देश अरू हजार वर्ष बाँच्ला
तर लाजेहाङको शीर ढल्नेछैन ।'

०००

खुवालुङ : कोसी, अरुण र तमोरको सिमानामा पर्ने गरी नदीको बीचमा रहेको ढुङ्गा ।
फक्ताङलुङ : कुम्भकर्ण हिमाल
फेदाङ्बा : लिम्बू पुरोहित
याम्बु : काठमाडौंलाई जनाउने तामाङ भाषाको शब्द ।

साहित्यका एक अथक साधक

देशका हरेक आन्दोलनमा साहित्यकार श्रीहरि फुँयाल कलम लिएर उत्रिए



संगीता पनेरू
sangitasahayatri@gmail.com

साहित्य

नेपाली साहित्यमा अग्रज स्रष्टाका रूपमा परिचित नुवाकोटका श्रीहरि फुँयालको कलम ६ दशकदेखि अनवरत चलिरहेको छ । उनी आफू मात्र लेख्दैनन्, अरूलाई लेख्न उत्तिकै प्रोत्साहित गर्छन् । १० वर्षको उमेरमा 'आमा' शीर्षकको कविता लेखेर साहित्यमा प्रवेश गरेका फुँयालले १४ वर्षको उमेरमा 'किसान' शीर्षकको कवितासंग्रह प्रकाशित गरे । त्यसपछि उनका कलमले विश्राम लिएका छैनन् । शारीरिक अस्वस्थता हुँदा केही समय सुस्ताए पनि उनको कमल रोकिएको छैन । अझै पनि उनलाई साहित्यमार्फत समाजलाई धेरै कुरा दिनुपर्छ भन्ने हुटहुटी छ ।

साहित्यलाई समाजको सकारात्मक ऐना देख्ने साहित्यकार फुँयालले आफ्ना सिर्जनामार्फत सकारात्मक र चेतनामूलक चित्र देखाइरहेका छन् । समाजका विकृति, विसंगति, असमानता, गरिबीविरुद्ध उनले कलम तिखारिरहे र नेपाली समाजलाई २१ वटा कृति दिए । पद्य कवितामा दख्खल राख्ने फुँयालले गद्य कवितामा पनि उत्तिकै योगदान दिएका छन् । उनका खण्डकाव्य, महाकाव्य, कथा, मुक्तक, समालोचना र हाइकुजस्ता कृति प्रकाशित छन् ।



श्रीहरि फुँयाल
साहित्यकार

साहित्यमा समाज बोल्नुपर्छ, दुःख देख्नुपर्छ, समस्याको उजागर गर्नुपर्छ र समुन्नत नेपालको नयाँ चित्र कोर्नुपर्छ भन्नेमा उनको जोड देखिन्छ । सत्यको पक्षमा बोल्दा ज्यानै किन नजाओस्, तर सत्य बोल्न छोड्नुहुन्न भन्छन् उनी । उनलाई पऱ्यो पनि त्यस्तै । २०३६ सालमा 'आँसुको संग्राम' महाकाव्य लेख्दा उनलाई तत्कालीन अञ्चालाधीशले गिरफ्तार गर्न लगाए । दुई दिन अञ्चालाधीशको कार्यालयमा थुनिए उनी । 'यस्तालाई मृत्युदण्ड दिनुपर्छ' भन्दै अञ्चालाधीश कड्किएको त्यो नमिठो पल उनी अझै सम्झन्छन् । तत्कालीन सहायक अञ्चालाधीश वासु पासाले उनलाई अनेक जुक्ति लगाएर त्यहाँबाट निकालेको उनी सम्झन्छन् । बारम्बार उनी भनिरहन्छन् 'युद्ध बन्दुकको नालबाट मात्र हुँदैन, त्योभन्दा ठूलो युद्ध कलमले गर्न सक्छ ।'

देशका हरेक आन्दोलनमा उनी कलम लिएर उत्रिए । २०३६ देखि आजसम्म उनको सक्रियता निरन्तर छ । २०३६ सालपछि बहुदलको पक्षमा आयोजना भएको एक महिनाभन्दा लामो 'सडक कविता क्रान्ति'को अग्रस्थानमा रहेर उनले आवाज बुलन्द गरे । २०४८ सालमा भएको आन्दोलनमा नुवाकोट-काठमाडौंको सिमानाका पाँचमानेको नेतृत्व गरे । ०६२/०६३ को आन्दोलनमा उनले गंगबु क्षेत्रबाट आफ्नो कलम उचालिरहे ।

साहित्य किन लेखिन्छ भन्ने प्रश्नमा उनी भन्छन्, 'आत्मसन्तुष्टिका लागि लेखिन्छ । साहित्य यस्तो चिज हो, जुन नशाजस्तै लाग्छ । साहित्य लेखेर जीवन धान्न नसके पनि मनलाई आनन्दित बनाउन सकिन्छ ।' साहित्य लेखनले पैसा नदिए पनि प्रतिष्ठा दिनेमा उनी ढुक्क छन् । तर, समाजले खोजेको साहित्य लेखकले दिन भने सक्नुपर्छ भन्छन् उनी । 'समयअनुसार हाम्रा सिर्जना पनि फेरिन जरुरी छ । पहिला धार्मिक पुस्तक पढ्ने हाम्रो समाजका पाठक विद्रोही चेतनाले ओतप्रोत पुस्तकको खोजीमा छन् । सामान्य मान्छेले पनि बुझ्ने भाषामा कविता लेख्न सक्नु र हरेक पाठकले साहित्यमा आफूलाई पनि भेटिने गरी लेख्न सक्नु नै लेखकको ठूलो सफलता हो,' उनी भन्छन् ।

झ्याप्पै !



रवि मिश्र
@rabimishra



अर्थ पत्रिका

नयाँ पत्रिका
शनिबार १६ असार ०८०

दुई खर्ब ३६ अर्बको अपर अरुण जलविद्युत्मा लगानी गर्न विश्व बैंक तयार

५३ अर्ब ३४ करोड स्वदेशी ऋणका लागि समझदारी भइसकेको छ, त्यसमा थप एक खर्ब ३१ अर्ब ऋण दिलाइदिने विश्व बैंकको प्रतिबद्धता, विश्व बैंक आफैंले भने ६५ अर्ब ५५ करोड लगानी गर्ने

मिलन विश्वकर्मा/नयाँ पत्रिका

प्रस्तावित राष्ट्रिय गौरवको १,०६१ मेगावाटको अपर अरुण जलविद्युत् आयोजनामा लगानी जुट्ने निश्चित भएको छ। विश्व बैंकले एक अर्ब डलर ऋण उपलब्ध गराउने प्रतिबद्धता गरेसँगै अर्धजलाशय उक्त जलविद्युत् आयोजनाले लगानी पाउने निश्चित भएको हो।

संखुवासभामा बन्ने उक्त आयोजनामा एक अर्ब ८० करोड डलर (दुई खर्ब ३६ अर्ब रुपैयाँ) लगानी अनुमान गरिएको छ। यो अयोजनामिश्रित लगानी (स्वदेशी र विदेशी)मा बनाइँदै छ। त्यसमा यसअघि नै स्वदेशी वित्तीय संस्थाहरूले ५३ अर्ब ३४ करोड रुपैयाँ ऋण लगानी गर्ने गरी समझदारी गरिसकेका छन्। गत भदौमा जलविद्युत् लगानी तथा विकास कम्पनी लिमिटेड (एचआईडिसिएल)को नेतृत्वमा नेपाल बैंक, राष्ट्रिय वाणिज्य बैंक र नागरिक लगानी कोषले उक्त आयोजनामा ऋण लगानी गर्न प्रवर्द्धक कम्पनी अपर अरुण हाइड्रोपावर लिमिटेड र नेपाल विद्युत् प्राधिकरणसँग समझदारी गरिसकेका छन्।

त्यस्तै, विश्व बैंकले एक खर्ब ३१ अर्ब (एक अर्ब डलर) सहुलियत ऋण दिने गरी अर्थ मन्त्रालयसँग प्रतिबद्धता गरेको छ। अर्थ मन्त्रालयले गत २५ जेठमा उक्त आयोजनामा लगानी गर्न इच्छुक विश्व बैंकलगायतका विदेशी दातृ निकायसँग छलफल गरेको थियो। त्यसलगत्तै विश्व बैंक आफैंले ५० करोड डलर (वर्तमान विनिमय दरअनुसार ६५ अर्ब ५५ करोड नेपाली रुपैयाँ) सहुलियत ऋण दिने प्रतिबद्धता गरेको अर्थ मन्त्रालयका एक उच्च अधिकारीले बताए। स्रोतका अनुसार विश्व बैंकले सोहीबराबरको थप सहुलियत ऋण पनि अन्य दातृ निकायबाट जुटाइदिने प्रतिबद्धता गरेको छ। योसँगै आयोजनाले लगानी पाउने पक्का भएको अर्थ मन्त्रालयका एक उच्च अधिकारीले बताए।

'विश्व बैंकजस्तो संस्था आफैंले आयोजनामा ५० करोड डलर सहुलियत ऋण दिने प्रतिबद्धता गरेको छ। साथै, सोहीबराबरको थप सहुलियत ऋण अन्य निकायबाट उपलब्ध गराउने पनि वचन दिएको छ,' उनले भने, 'योसँगै अब आयोजनाले लगानी पाउने पक्का भएको छ।'

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

विश्व बैंकले थप ५० करोड डलर जुटाएपछि सहवित्तीयकरण मोडेलमा एक अर्ब डलरबराबरको ऋण सम्भौता हुने उनको भनाइ छ। उक्त आयोजनामा विश्व बैंकले अन्य दातृ निकायसँगको सहकार्यमा ९७ अर्ब डलर ऋण दिने आश्वासन दिएको थियो। तर, त्यो पक्का भएको थिएन। अहिले आएर भने विश्व बैंकले एक खर्ब ३१ अर्ब रुपैयाँ नै ऋण उपलब्ध गराउने देखिएको हो।

प्राधिकरणले सहायक कम्पनी स्थापना गरेर यो आयोजना विकासको काम गरिरहेको छ। अबको एक वर्षमा स्वदेशी र विदेशी दातृ निकायसँग संयुक्त रूपमा ऋण लगानी सम्भौता गर्ने प्राधिकरणको योजना छ।

संखुवासभामा बन्ने उक्त आयोजनामा एक अर्ब ८० करोड डलर (दुई खर्ब ३६ अर्ब रुपैयाँ) लगानी अनुमान गरिएको छ। त्यसमा ७० प्रतिशत लगानी भने ऋणमार्फत जुटाइनेछ। कुल ऋण रकममध्ये ५३ अर्ब ३४ करोड स्वदेशी लगानी हुने पक्का भइसकेको छ। बाँकी भने विदेशी ऋण ल्याइनेछ। कुल लागतको ३० प्रतिशत रकम भने कम्पनीले स्वपुँजीमार्फत गर्नेछ। स्वपुँजीको ४९ प्रतिशत रकम 'नेपालको पानी जनताको लगानी' कार्यक्रमअनुसार सर्वसाधारणमार्फत उठाइनेछ। बाँकी ५१ प्रतिशत प्रवर्द्धक कम्पनीले लगानी गर्नेछ।

सन् २०३० भित्रै यो परियोजनाको निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ। परियोजना निर्माणका लागि गर्नुपर्ने पूर्वतयारीका जग्गा अधिग्रहण, रूख कटानलगायतका धेरैजसो कामहरू सम्पन्न भइसकेका छन्। सन् २०२४ बाटै परियोजना निर्माणको काम सुरु गर्ने गरी काम अगाडि बढिरहेको छ। आयोजना बनाउन झन्डै ६ वर्ष लाग्ने अनुमान छ। सोहीअनुसार सन् २०३० भित्र आयोजनाको निर्माण सम्पन्न हुने बताइएको छ।

पिकिङ रन अफ रिभरको उक्त आयोजनाको अरुण नदीमा एक सय ८३ मिटर लामो र करिब सय मिटर उचाइको बाँध निर्माण गरिनेछ। त्यहाँको पानीलाई ८.५ किलोमिटर लामो सुरुङमार्फत छोंग्राकस्थित भूमिगत जलविद्युत्गृहमा खसालिनेछ। उक्त आयोजनाबाट वार्षिक चार अर्ब ५१ करोड युनिट विद्युत् उत्पादन हुनेछ। सुक्खा याममा भने त्यसको ३० प्रतिशत विद्युत् उत्पादन हुनेछ। त्यो विद्युत्लाई पावरहाउसबाट करिब ६ किमि लामो, चार सय केभी डबल सर्किटको प्रसारण लाइन निर्माण गरी हाइटार संखुवासभास्थित सबस्टेसनमा जोडिनेछ। यस आयोजनाले कुल गार्हस्थ्य उत्पादन (जिडिपी)मा ०.५ प्रतिशत योगदान गर्ने अनुमान छ।

बैंकको २५ प्रतिशत कर्जा जलविद्युत्मा प्रवाह गर्नुपर्ने माग

काठमाडौं/ स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले बैंकको कर्जा न्यूनतम २५ प्रतिशतको अनुपातमा जलविद्युत्मा प्रवाह हुनुपर्ने सुझाव दिएको छ। आगामी आर्थिक वर्षको मौद्रिक नीतिका लागि नेपाल राष्ट्र बैंकले बिहीबार आयोजना गरेको अन्तर्क्रियामा इप्पानले उक्त सुझाव दिएको हो।

कार्यक्रममा इप्पानका अध्यक्ष गणेश कार्कीले कर्जा लगानीको अवधि पनि ३० वर्षको बनाउनुपर्ने सुझाव दिए। जलविद्युत् आयोजनाहरूको उत्पादन अनुमतिपत्रको अवधि ३५ वर्ष र पिपिएको अवधि ३० वर्षको रहेकाले कर्जाको अवधि पनि सोहीअनुसार बनाउनुपर्ने कार्कीको भनाइ थियो।

त्यस्तो कर्जाको ब्याजदर पनि आधारदरमा एक प्रतिशत विन्दुले मात्रै प्रिमियम थपेर निर्धारण गर्नुपर्ने इप्पानको सुझाव छ। साथै, बाढीपहिरोबाट प्रभावित जलविद्युत् आयोजनाहरूलाई पुनर्कर्जाको व्यवस्था गर्नुपर्ने इप्पानले माग गरेको छ।

त्यस्तै, निजी क्षेत्रका उद्यमीहरूले विद्युत् बन्ड निष्कासन गरेर पुँजी संकलन गर्न पाउने व्यवस्था गर्न पनि माग गरिएको छ। जलविद्युत्मा विदेशी ऋण तथा उधारो कर्जा प्रवाह गरी स्वदेशी लगानी वृद्धि गर्नुपर्ने पनि माग गरिएको छ। यसमा बैंकहरूले जमानत पत्र जारी गरिदिने व्यवस्थासमेत गर्नुपर्ने अध्यक्ष कार्कीले बताए।

विदेशी सहायतमा बन्ने आयोजनामा नेपाली बैंकले ऋण लगानी गर्न नपाउने नीति पनि ल्याउनुपर्ने इप्पानको माग छ। साथै, जलविद्युत् आयोजनामा विदेशी ऋण ल्याउन राष्ट्र बैंकले सहजीकरण गर्नुपर्ने इप्पानले बताएको छ। जलविद्युत् आयोजनाका लागि चाहिने नयाँ तथा जगेडा पार्टहरू बाहिरबाट आयात र मर्मत गर्दा विदेशी मुद्रा सटहीमा पनि सुविधा प्रदान गर्नुपर्ने इप्पानको माग छ।

आर्थिक मुद्दालाई प्राथमिकतामा राख्न परिसंघको आग्रह



काठमाडौं/ नेपाल उद्योग परिसंघका नवनिर्वाचित पदाधिकारीहरूले नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवालाई भेटेका छन्। परिसंघका नवनिर्वाचित अध्यक्ष राजेशकुमार अग्रवाल नेतृत्वको प्रतिनिधिमण्डलले शुक्रबार देउवासँग देशको अर्थतन्त्रका विषयमा छलफल गर्दै आर्थिक मुद्दालाई पहिलो प्राथमिकतामा राख्न आग्रह गरेका हुन्।

छलफलमा अध्यक्ष अग्रवालले देशको वर्तमान अर्थतन्त्रका बारेमा जानकारी गराउँदै राजनीतिक दलहरूले आर्थिक मुद्दालाई पहिलो प्राथमिकतामा राख्नुपर्ने बताए। अर्थतन्त्र सुधारका लागि आर्थिक विषयलाई प्राथमिकतामा राखेर निकास दिनुपर्ने उनको भनाइ थियो। आगामी आर्थिक वर्ष ६ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य प्राप्तिका लागि आगामी मौद्रिक नीति लचिलो हुनुपर्नेमा पनि उनको जोड थियो।

कांग्रेस सभापति देउवाले अर्थतन्त्रको सुधार तथा निजी क्षेत्रको विकासलाई प्राथमिकतामा राख्दै आएको उल्लेख गरे। छलफलमा परिसंघका उपाध्यक्षहरू वीरेन्द्रराज पाण्डे, अमित मोर, भीम घिमिरे, पदाधिकारी समितिका स्थायी आमन्त्रित सदस्यहरू छाया शर्मा, गोकुल भण्डारी र महानिर्देशक दीपकराज जोशीको सहभागिता थियो।

क्रसर नवीकरण नभएपछि गिट्टी र बालुवाको बिक्री बन्द

काठमाडौं/ सरकारले क्रसर उद्योग नवीकरण नगरेपछि व्यवसायीहरूले शनिबार (आज)देखि गिट्टी र बालुवाको बिक्री-वितरण बन्द गर्ने भएका छन्। क्रसर व्यवसायीहरूले असार १५ गतेसम्म उद्योग नवीकरण गर्न सरकारलाई अल्टिमेटम दिएका थिए। तर, सो दिनसम्म सरकार क्रसर उद्योग नवीकरण गर्नेबारे मौन बसेपछि शनिबारदेखि गिट्टी र बालुवाको बिक्री बन्द गर्न लागेका हुन्।

नेपाल क्रसर तथा खानी उद्योग-व्यवसायी महासंघले असार ३ गते काठमाडौंमा पत्रकार सम्मेलन गर्दै उद्योग नवीकरण गर्न आग्रह गरेको थियो। १५ असारसम्म नवीकरण नगरे सेवा बन्द गर्ने महासंघले चेतावनी दिएको थियो। सोहीअनुसार शनिबारदेखि बालुवा गिट्टीको उत्पादन (प्रशोधन) र बिक्री-वितरण बन्द गर्न लागिएको महासंघका पुरुषोत्तम रेग्मीले जानकारी दिए। अनिश्चितकालीन रूपमै बालुवा र गिट्टीको बिक्री-वितरण बन्द गर्न लागेको उनको भनाइ छ।

'सरकारले हाम्रो मागको कुनै पनि सम्बोधन गरेन। त्यसैले हामी यो कदम उठाउन बाध्य भएका हौं,' उनले भने, 'यदि सरकारले नवीकरण गर्ने निर्णय गरेमा हामीले तत्काल सेवा सुरु गर्छौं।'

मापदण्ड नपुगेको भन्दै सरकारले ०७१ यता क्रसर उद्योग नवीकरण गरेको छैन। पछिल्लोपटक गृह मन्त्रालयले गत पुस २० गते अस्थायी रूपमा क्रसर उद्योग बन्द गराएको थियो। क्रसर उद्योगहरू कानुनअनुसार नचलेको भनेर सरकारले उक्त कदम उठाएको थियो। पछि माघ ११ को मन्त्रिपरिषद्को बैठकले मापदण्डलगायतका कारण नवीकरण हुन नसकेका क्रसर उद्योगबाट कानुनबमोजिम लाग्ने कर, दस्तुर, शुल्कलगायतका राजस्व लिई ०८० असार मसान्तसम्म यथावत् रूपमा सञ्चालन गर्न दिने निर्णय गरेको थियो। तर, त्यो निर्णयमा उद्योग नवीकरण गर्ने भन्ने शब्द नराखेर सञ्चालन गर्न दिने शब्द मात्र राखिएको थियो। सोही कारण अझै क्रसर उद्योग नवीकरण हुन सकेका छैनन्।

उद्योगी-व्यवसायीहरू जिल्ला-जिल्लामा रहेका सम्बन्धित निकायमा कर, दस्तुर शुल्कलगायतका राजस्व रकम बुझाउन जाँदा पनि पत्रमा नवीकरणको भाषा स्पष्ट नभएको कारण जनाई रकम बुझ्न नमानेको बताइएको छ। फलस्वरूप उद्योगहरू नवीकरणसमेत नभएको महासंघको भनाइ छ।

यस कारण असार महिनामा हुने निर्माण गतिविधि पनि प्रभावित हुने भएको छ। बजेट सक्ने नाममै भए पनि असारमा निर्माण गतिविधि बढी हुन्छ। तर, निर्माणका लागि चाहिने कच्चा पदार्थ बालुवा र गिट्टीकै बिक्री रोकिएपछि निर्माण पनि प्रभावित हुने देखिएको छ। यद्यपि, बर्खाका कारण साउनदेखि असोजसम्ममा क्रसर उद्योग चलाउन पाइँदैन। निर्माण गतिविधि पनि हुँदैन। त्यसअनुसार यो निर्णयले लामो समयसम्म प्रभाव पार्दैन। तर, असारमा गरिने निर्माण गतिविधि भने प्रभावित हुने देखिएको छ।

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय मिर्चैया, सिराहाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति २०८०/०३/१६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक
दोस्रो पटक प्रकाशित मिति २०८०/०२/०२ गतेको कारोबार राष्ट्रिय दैनिक
प्रथम पटक प्रकाशित मिति २०७९/१२/०१ गतेको कारोबार राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०७८/१०/०७ को नागरिक राष्ट्रिय दैनिक र मिति २०७९/१०/०६ को राजधानी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व पछ्यौंट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताहरुले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी मिति २०७९/१२/०१ र २०८०/०२/०२ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएकोमा उक्त सूचनामा तोकिएको मितिभित्र बैंकको नियमानुसार प्राप्त हुनुपर्ने न्यूनतम गोप्य शिलबन्दी बोलपत्रहरु प्राप्त हुन नआएकोले पुनः तेश्रो पटक यो सूचना प्रकाशित गरि इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ।
यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण

नरसिंह यादवको नाती, विशेश्वर यादवको छोरा, सिरहा जिल्ला, सन्हैठा गा.वि.स./न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५ बस्ने **मनोज कुमार यादव** (ना. प्र. नं. ८२०३३४३०, जारी मिति २०५२/०५/२९, जि.प्र.का. सिरहा)।

व्यक्तिगत जमानीकर्ताको विवरण

१. विशेश्वर यादवको बुहारी, मनोज कुमार यादवको पत्नी, धनुषा जिल्ला, सुगामधुकारही गा.वि.स./न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५ बस्ने **विमला कुमारी यादव** (ना.प्र.नं. ९०५५३४११, जारी मिति २०५३/०९/१८, जि.प्र.का. धनुषा)।

२. विशेश्वर यादवको बुहारी, मनोज कुमार यादवको पत्नी, महोत्तरी जिल्ला, इटहर्वाकट्टी गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५ बस्ने **प्रति सिंह** (ना.प्र.नं. १८३०३४/१७१, जारी मिति २०६६/०१/१०, जि.प्र.का. महोत्तरी)

धितोको विवरण

नरसिंह यादवको नाती, विशेश्वर यादवको छोरा, सिरहा जिल्ला, सन्हैठा गा.वि.स./न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५ बस्ने मनोज कुमार यादव (ना.प्र.नं. ८२०३३४३०, जारी मिति २०५२/०५/२९, जि.प्र.का. सिरहा) को नाममा मालपोत कार्यालय सिराहामा दर्ता कायम रहेको सिराहा जिल्ला, रामनगर न.पा. वडा नं. ४ क स्थित कि.नं. ३३१५ को क्षेत्रफल ०-०-८$^{१}/_{४}$ (वि.क.धु.) र सिराहा जिल्ला, सन्हैठा गा.वि.स. वडा नं.७ ख स्थित कि.नं. ८३ को क्षेत्रफल ०-११-० (वि.क.धु.) बमोजिमको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

शर्तहरु :

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको शाखा कार्यालय, मिर्चैया, सिराहाबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८०/०३/३० गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय, मिर्चैया, सिराहामा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८०/०३/३१ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय, मिर्चैया, सिराहामा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कबोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको शाखा कार्यालय मिर्चैया, सिराहामा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

Siddhartha Bank
शाखा कार्यालय : मिर्चैया, सिराहा
फोन नं. ०३३-५५००८४
Website: www.siddharthabank.com

नबिल बैंक लिमिटेड, भैरहवा शाखा, रुपन्देहीको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/०३/१६)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले नबिल बैंक लिमिटेडले नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरेको साविक नेपाल बङ्गलादेश बैंक लिमिटेड ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिँदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व पछ्यौंट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक पछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुलउपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुलउपर हुन नसके वा आंशिक रकम मात्र असुलउपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुलउपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ। साथै, सवारी साधनको हकमा उक्त सवारी साधन बैंकको नाममा दर्ता रहेको र सो सवारी साधनको स्वामित्व बैंकमा रहेकोले कसैले अनधिकृत रुपमा प्रयोग गरिरहनु भएको छ भने यथासिघ्र बैंकमा बुझाउनु होला। अन्यथा अनधिकृत रुपमा बैंकको सवारी प्रयोग गर्नु भए उपर प्रचलित कानून बमोजिम कारवाही गर्न बैंक बाध्य हुने समेत जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

१ **ऋणी फर्मको नाम र ठेगाना विवरण**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य कार्यालय, भैरहवा, वाणिज्य विभागमा मितिः २०५८/११/०२ मा प्रा.फ.र.नं. १४११४/०५८ (स्थानीय व्यापार) अन्तर्गत दर्ता भएका **श्री प्रियंका सुन चाादी पसल**।
ठेगानाः रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ६, गल्लामण्डी, रुपन्देही।

ऋणी फर्मको प्रोप्राइटरको विवरण

डम्मर सिंह विश्वकर्माको नाति, सोम बहादुर विश्वकर्माको छोरा, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. २ बस्ने नागरिकता नं. १९७६५ (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: रुपन्देही, मितिः वि.सं. २०४७/०५/२९) भएका **श्री प्रकाश मणी विश्वकर्मा**।

व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. राम कृष्ण बरालकी छोरी, सोम बहादुर विश्वकर्माको बुहारी, प्रकाश मणी विश्वकर्माको श्रीमती, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. २ बस्ने नागरिकता नं. २/३१४५५, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: रुपन्देही, मितिः वि.सं. २०६३/०२/०९) भएकी **श्रीमती प्रमिला विश्वकर्मा**।
२. डम्मर सिंह विश्वकर्माको नाति, सोम बहादुर विश्वकर्माको छोरा, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. २ बस्ने नागरिकता नं. १६७७ (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: रुपन्देही, मितिः वि.सं. २०४३/०६/१६) भएका **श्री पारस मणी विश्वकर्मा**।
३. डम्मर सिंह विश्वकर्माको नाति, सोम बहादुर विश्वकर्माको छोरा, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. २ बस्ने नागरिकता नं. २/३०६७ (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: रुपन्देही, मितिः वि.सं. २०५१/११/२२) भएका **श्री प्रशान्त विश्वकर्मा**।
४. दिपक कुमार विश्वकर्माकी छोरी, सोम बहादुर विश्वकर्माको बुहारी, हरि ओम विश्वकर्माको श्रीमती, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. २ बस्ने नागरिकता नं. ३९४/३८६३, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: रुपन्देही, मितिः वि.सं. २०४६/०३/३०) भएकी **श्रीमती सरोजाविश्व सुनचेउरी**।
५. सोम बहादुर विश्वकर्माको नाति, हरि ओम विश्वकर्माको छोरा, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. २ बस्ने नागरिकता नं. ३७१०२३/२/३३८११ (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: रुपन्देही, मितिः वि.सं. २०६३/१२/२८) भएका **श्री प्रज्वल मणी रामदाम**।

२ **ऋणीको नाम र ठेगानाको विवरण**

डम्मर सिंह विश्वकर्माको नाति, सोम बहादुर विश्वकर्माको छोरा, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. २ बस्ने नागरिकता नं. १९७६५ (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: रुपन्देही, मितिः वि.सं. २०४७/०५/२९) भएका **श्री प्रकाश मणी विश्वकर्मा**।

व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

राम कृष्ण बरालकी छोरी, सोम बहादुर विश्वकर्माको बुहारी, प्रकाश मणी विश्वकर्माको श्रीमती, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. २ बस्ने नागरिकता नं. २/३१४५५, (न

शनिबार १६ असार ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०

हरिका ती १३ अन्तर्राष्ट्रिय गोल

हरि खड्का नेपाली फुटबलकै सफल स्ट्राइकर हुन् । सन् १९९० ताका पश्चिम जर्मनीमा फुटबलको ज्ञान लिएपछि उनी घरेलु तथा अन्तर्राष्ट्रिय क्षेत्रमा एकैनासको प्रदर्शन गर्न सफल भए । सिनियर टोलीमा हरि र नीराजन रायमाझीले राखेको कीर्तिमान अहिलेसम्म यथावत् छ । उनीहरूले नेपाली राष्ट्रिय टोलीबाट समान १३-१३ अन्तर्राष्ट्रिय गोल गरेका छन् । अहिले यो कीर्तिमाननजिक अञ्जन विष्ट पुगेका छन् । उनले १२ अन्तर्राष्ट्रिय गोल गरेका छन् । सन् १९९५ देखि २००७ सम्म १२ वर्ष हरि राष्ट्रिय टोलीमा रहे । उनले घरेलु फुटबलमा धेरैजसो फ्रिकिक गोल गरे । तर, राष्ट्रिय टोलीबाट उनले एकपटक पनि फ्रिकिक गोल गर्न सकेनन् । सन् २००६ मा बंगलादेशमा भएको एएफसी च्यालेन्ज कपमा भुटानविरुद्ध उनले ४९औँ अन्तर्राष्ट्रिय खेल खेले । भुटानविरुद्ध उनको अन्तिम अन्तर्राष्ट्रिय खेल रह्यो । आफूले गरेका १३ अन्तर्राष्ट्रिय गोलसम्बन्धी रोचक विवरण हरिले नयाँ पत्रिकाका **रमेश सुवेदी**लाई यसरी सुनाए :



१ पाकिस्तान

सन् १९९५ मा श्रीलंकामा भएको सार्क विस्टोल गोल्डकपमा डेब्यु गरेको थिएँ । समूह 'ए'बाट सेमिफाइनल स्थान बनाउन नेपालले पाकिस्तानविरुद्ध २-० ले जित्नुपर्ने थियो । बंगलादेशविरुद्ध खेल्न पाइनँ । तर, पाकिस्तानविरुद्धको मैले डेब्युको अवसर पाएँ । मिडफिल्डर बालगोपाल महर्जनले गोल गरे । बालगोपाललाई मैले गोलका लागि पास दिएको थिएँ । मध्यान्तरपछि मैले डेब्यु खेलमा पहिलो अन्तर्राष्ट्रिय गोल ठोकेँ । उमेश प्रधान, बालगोपाल र देवनारायण चौधरीका कारण त्यो गोल सम्भव भयो । सुरुमा उमेशले बालगोपाललाई पास दिए । बालगोपालले डिबक्सअगाडि देवनारायणसम्म बल पुऱ्याए । देवनारायणले बायाँ डिबक्स साइडमा मलाई पास उपलब्ध गराए । मैले दायाँ खुट्टाले वान टचमै पहिलो बारमा गोल गरेँ । गोल 'अनएक्सपेड' थियो । मुभ यति चाँडै भयो कि गोलरक्षकले समेत बल छेक्ने अवसर पाएनन् । पहिलो अन्तर्राष्ट्रिय गोल गर्दा फरक किसिमले रेलिब्रेसन गरेको थिएँ । मेरै गोलले नेपाल सेमिफाइनलमा छनोट भयो । त्यसपछि मलाई सिनियर दाइहरूले बधाई दिए ।

२ माल्दिभ्स

सार्तौं दक्षिण एसियाली साफ च्याम्पियनसिप मद्रासमा भएको थियो । नेपालको समूह चरणमा माल्दिभ्सविरुद्ध खेल थियो । खेलमा पराजित हुँदा नेपाल अगाडि जान सक्ने अवस्था थिएन । माल्दिभ्सविरुद्धको खेलमा गर या मरको अवस्थामा हामीले खेल्यौं । अर्कोतिर माल्दिभ्स नेपालकै जस्तो अवस्थामा थियो । यसले दुवै पराजित हुन चाहँदैनथे । माल्दिभ्सले नेपालविरुद्ध बलियो रक्षापंक्ति अपनाएको थियो । नेपालले काउन्टर एट्याकमा मुभ बनाइरहेको थियो । अन्तिममा एक अवसर मिल्यो । जुन मौकामा मैले नै गोल गरेँ । डिबक्सबाहिरबाट स्ट्राइकर दीपक अमात्यले 'फ्लिक' गर्दै मलाई पास दिए । माल्दिभ्सका गोलरक्षक बल क्लियर गर्न अगाडि आए । मैले गोलरक्षक अगाडि आएको मौकामा दायाँ खुट्टाले भली गोल गरेँ । त्यो मेरो दाम्रो अन्तर्राष्ट्रिय गोल थियो । यसपटक पनि मेरो गोलको सहयोगमा नेपाल अर्को चरणमा समेत प्रवेश गऱ्यो ।

३ ओमान

ओमानको मस्कटमा नेपालले एसियन कप छनोटअन्तर्गत समूह पाँचमा प्रतिस्पर्धा गरेको थियो । नेपालले पहिलो लेग ओमानलाई २-१ को नतिजा सुम्पिएको थियो । तर, त्यस खेलमा मैले ओमानविरुद्ध एक गोल गरेको थिएँ । त्यो मेरो तेम्रो अन्तर्राष्ट्रिय गोल थियो । स्ट्राइकर नरेन्द्र श्रेष्ठले पोस्टको दायाँ साइडमा ओमानका डिफेन्डरलाई छक्याएर मलाई पास दिए । मैले वान टर्चमै सीधै बललाई पहिलो बारमा गोल गरेको थिएँ ।

४ मकाउ

सन् १९९८ मा फ्रान्समा हुने विश्वकपअन्तर्गत एसियन छनोटमा नेपालले जापान र ओमानसँग भिडेको थियो । नेपालको पहिलो खेल मकाउसँग थियो । ओमानको सुल्तान रंगशालामा मकाउले १-० को अग्रता लियो । मकाउको निकै राम्रो फुटबल टोली थियो । यद्यपि, नेपाल बराबरी गोल फर्काउने प्रयासमा थियो । हामीले एक-आपसबीच तालमेल मिलाउँदै मकाउलाई १-१ को बराबरीमा ल्यायौं । संयोगवश मकाउविरुद्धको बराबरी गोल मैले नै गरेको थिएँ । स्ट्राइकर नरेन्द्र श्रेष्ठले दुई डिफेन्डरलाई झुक्याएर डिबक्सभित्र पुगेका थिए । उनले कुनै गल्ती नगरी मलाई थ्रो मात्र पास दिए । मैले वान टचमै प्लेसिङ गर्दै दोसो बारको कुना च्यापेर बराबरी गोल फर्काएँ ।

५ माल्दिभ्स

भारतको नेहरू रंगशालामा दक्षिण एसियन गोल्डकपमा मैले माल्दिभ्सविरुद्ध दुई गोल गरेको थिएँ । सो खेलमा नेपाल माल्दिभ्ससँग ३-२ ले पराजित भयो । समूह 'बी'को पहिलो खेलमै माल्दिभ्सले नेपालविरुद्ध पहिलो मिनेटमै गोल गरेको थियो । हामीले पहिलो हाफमा बराबरी गोल फर्काउन सकेनौं । मध्यान्तरपछि नेपालले आफ्नो पकड जमायो । खेलाडीबीच तालमेल सही थियो । हामीले बिस्तारै माल्दिभ्सको पोस्टमा पकड र मुभ बनाइराखेका थियौं । खेलको ६५औं मिनेटमा नरेश जोशीको पासमा मैले बराबरी गोल गरेँ । त्यो गोल दायाँ खुट्टाले दोम्रो बारको कुना च्यापेर गरेको थिएँ ।

६ माल्दिभ्स

सोही खेलमा मादिल्भ्सविरुद्ध १-१ को बराबरी गोल फर्काएपछि हाम्रो आत्मविश्वास बढ्यो । हामीले खेल नियन्त्रणमा लिइसकेका थियौं । माल्दिभ्सले गोल खाएपछि खेल बिगार्दै गएको थियो । माल्दिभ्स त्यसवेला सार्क क्षेत्रकै उत्कृष्ट टोली थियो । माल्दिभ्सले ८५ मिनेटभित्र थप दुई गोल गर्दै ३-१ को अग्रता बनायो । नेपालले अन्तिम समयसम्म हार मानेनन् । खेल सकिन एक मिनेटअघि मैले नेपाललाई ३-२ को गोल अन्तरमा झार्रे । डिबक्सभित्र मैले राम्रो फिनिसिङ गर्दै छैटौं अन्तर्राष्ट्रिय गोल गर्न सफल भएँ ।

> हरि खड्का र नीराजन रायमाझीले राष्ट्रिय टोलीबाट समान १३-१३ अन्तर्राष्ट्रिय गोल गरेका छन्, यो कीर्तिमाननजिक अञ्जन विष्ट मात्रै छन्

७ भुटान

सन् १९९९ मा नेपालले आठौं साफ खेलकुद प्रतियोगिता आयोजना गऱ्यो । नेपाल फुटबलमा स्वर्ण पदकको दाबेदार थियो । घरेलु मैदान र समर्थकका कारण नेपाल मनपर्ने टोली थियो । नेपालले आफ्नो समूहमा भुटानलाई ७-० को फराकिलो अन्तरले हरायो । नेपालले अन्तर्राष्ट्रिय फुटबलमा निकालेको ठूलो अन्तरको जित नै त्यही थियो । नेपाली फुटबलले इतिहास रचेको दिन मैले दुई गोल गरेको थिएँ । सम्भवत त्यति वेला म जीवनकै उत्कृष्ट लयमा थिएँ । दरशथ रंगशालामा भुटानले डिफेन्स लाइन निकै कमजोर बनाएको थियो । खेलको दोम्रो मिनेटमै मैले गोल गरेँ । जुन मेरो सार्तौं अन्तर्राष्ट्रिय गोल थियो । मलाई याद भएसम्म भुटानका तीनजना डिफेन्डरलाई डिबक्सभित्रै छक्याएको थिएँ । अन्तिममा भुटानी गोलरक्षक मात्र थिए । गोलरक्षक अगाडि बढेको मौकामा बललाई हल्का चिप प्रहार गरेँ । रमाइलो पक्ष भने बल स्विङ हुँदै गोल भएको थियो ।

८ भुटान

सोही खेलमै मैले आफ्नो आठौं अन्तर्राष्ट्रिय गोलसमेत भुटानविरुद्ध पूरा गरेँ । अहिले सम्झना भएसम्म पहिलो गोल गरेको तीन मिनेटको अन्तरमै दोम्रो व्यक्तिगत गोल गर्न सकेँ । खेलको पाँचौं मिनेटमा नेपालले पेनाल्टी प्राप्त गऱ्यो । डिबक्सभित्र बल अगाडि लैजाँदा भुटानी डिफेन्डरले मलाई पछाडिबाट ट्याकल गरे । रेफ्रीले नेपालको हकमा पेनाल्टी दिए । नेपालले पेनाल्टी प्रहार गर्ने अवस्थामा प्रशिक्षक कस्टाइनले मलाई नै हान्ने जिम्मेवारी दिएका थिए । प्रशिक्षणमा मलाई प्रशिक्षकले धेरै पेनाल्टी हान्न लगाउँथे । यसमा अन्य साथीहरूको पनि सहमति थियो । मैले भुटानविरुद्ध सहजै पेनाल्टी गोल गरेँ । भुटानी गोलरक्षकलाई विपरीत दिशामा डाइभ गराउँदै मैले दायाँ साइडमा पेनाल्टी गोल गरेँ ।

९ पाकिस्तान

आठौं साफ खेलकुदमा नेपालको समूहमा पाकिस्तान थियो । यस समूहमा पाकिस्तान पनि बलियो प्रतिद्वन्द्वीकै रूपमा थियो । यस खेलमा हामीले ३-१ को सानदार जित निकाल्यौं । उत्कृष्ट फर्ममा रहेका वेला मैले पाकिस्तानविरुद्ध पनि एक गोल गरेको थिएँ । खेलको कति मिनेटमा गोल गरेको भन्ने ठ्याक्कै याद छैन । तर, नेपालले पाकिस्तानसँग २-१ को अग्रता लिँदा मेरो गोलको योगदान थियो । डिबक्सभित्र मैले सहजै दायाँ खुट्टाले गोल गरेको थिएँ ।

१० माल्दिभ्स

वास्तवमा सन् १९९९ को साफमा नेपालको प्रदर्शन माथिल्लो दर्जामा थियो । नेपालले घरेलु समर्थकलाई खुसी पार्दै सेमिफाइनल स्थान पक्का गरेको थियो । सेमिफाइनलमा नेपालको भेट माल्दिभ्ससँग भयो । दशरथ रंगशालामा लगभग २२ हजार दर्शकसामु नेपालले प्रतिस्पर्धा गरिरहँदा हामीमाथि चर्को दबाब थियो । अर्कोतिर माल्दिभ्सलाई कुनै दबाब थिएन । खेलको ११औं मिनेटमै स्ट्राइकर नरेश जोशीले नेपाललाई १-० को अग्रता दिलाए । खेलको १५औं मिनेटमा मैले नेपाललाई २-० को अग्रता दिलाएँ । डिबक्सअगाडि मिलन, दिल्लीराम श्रेष्ठ र मबीच वान टु पास भइरहेको थियो । हामी मिडफिल्डदेखि नै वान टु पास खेल्दै माल्दिभ्सको डिबक्सभित्रसम्म प्रवेशको योजना बनायौं । डिबक्सभित्र म पुगेको देखेपछि दिल्लीरामले पास दिए । मैले दायाँ खुट्टाले वान टचमै दोम्रो बारको कुना च्यापेँ । बल हावामा स्विङ हुँदै दोम्रो बारमा गोल भयो । नेपालले माल्दिभ्सलाई २-१ ले हराएर फाइनल स्थान पक्का गऱ्यो ।

११ मकाउ

सन् २००२ को विश्वकपअर्न्तगत एसियन छनोटमा नेपाल समूह ६ मा रह्यो । समूहमा इराक, मकाउ, काजकास्तान थिए । नेपालले मकाउसँगको खेलमा मैले दसौं अन्तर्राष्ट्रिय गोल पूरा गरेँ । नीराजन रायमाझी र मबीचको जोडी निकै उत्कृष्ट थियो । नीराजनकै सुन्दर पासमा त्यो गोल सम्भव भयो । मध्यान्तरपछि हामी वान टु पास खेल्दै मकाउको डिबक्ससम्म पुग्यौं । नीराजनले डिबक्सको दायाँ साइडको कठिन कोणबाट मलाई पास दिए । मैले आउटसाइड फुटबाटै बल प्रहार गरेँ । मैले प्रहार गरेको बल क्रप हुँदै दोम्रो बारतिर गएको थियो । गोलरक्षकले छेक्ने मौका नै पाएनन् ।

१२ इराक

सन् २००२ को विश्वकप छनोटअन्तर्गत एसियन छनोटको दुवै लेगमा नेपालले इराकसँग भिडेको थियो । नेपाल इराकसँग नराम्रोसँग पराजित भयो । मैले एसियाकै शक्तिशाली राष्ट्र इराकविरुद्ध एक गोल गर्न सफल भएँ । इराकविरुद्धको त्यो गोल मेरो १२औं अन्तर्राष्ट्रिय गोल थियो । मेरो यस गोलमा मिडफिल्डर कुमार थापा तथा स्ट्राइकर नीराजन रायमाझीको योगदान धेरै थियो । कुमारले नीराजनलाई चलाखीपूर्ण तरिकाले ब्याक दिए । त्यसपछि नीराजन र मबीच वान टु पास भयो । मैले इराकका तीन डिफेन्डर बिट गर्दै सानो डिबक्ससम्म बल पुऱ्याएँ । त्यसपछि इराकका गोलरक्षक अगाडि बढेको अवस्थामा मैले बललाई हल्का चिप गर्दै गोल गरेँ । गोलरक्षकसमेत बिट हुँदा बल हावामा स्विङ भएको थियो ।

१३ अफगानिस्तान

सन् २००२ मा एएफसीले एसियन कप प्रिलिमिनरी आयोजना गरेको थियो । नेपालले समूह सीमा अफगानिस्तानविरुद्ध खेलेको थियो । दशरथ रंगशालामै भएको प्रतिस्पर्धामा अन्तर्राष्ट्रिय फुटबलको खासै अनुभव नभएको अफगानिस्तानमाथि हामीले ४-० को सानदार जित रच्यौं । शरीरिक तथा प्रावधिक रूपमा अफगानी बलिया थिए । नीराजन रायमाझीले खेलको ३७औं र ८७औं मिनेटमा गोल गरेका थिए । नेपाललाई सुरुवाती अग्रता दीपक लामाले दिलाए । खेलको ३९औं मिनेटमा मैले एक गोल गरेको थिएँ । प्रतिस्पर्धामा मैले पेनाल्टी मिस पनि नगरेको होइन । खेलको ३९औं मिनेटमा मैदानको मध्यभागबाट एक्लैले ड्रिब्लिङ गर्दै बल अगाडि बढाएँ । यस क्रममा मैले तीनजना अफगानी खेलाडीलाई कटाएँ । डिबक्समा भित्र कुल भएर सहजै गोल गरेँ । त्यो मेरो १३औं अन्तर्राष्ट्रिय गोल थियो ।

बलात्कार अभियोगमा अल्भेज १२ वर्ष जेल जान सक्ने

म्याड्रिड / स्पेनिस पूर्वखेलाडी ड्यानी अल्भेज एक महिलामाथिको बलात्कार अभियोगमा गत जनवरीदेखि जेलमा छन् । ४० वर्षीय अल्भेजले बार्सिलोनाको एक सुटोन क्लबमा कार्यरत महिलामाथि ट्वाइलेटमा बलात्कार गरेको आरोप छ । महिलाले आफूमाथि बार्सिलोना र स्पेनिस राष्ट्रिय टोलीका पूर्वखेलाडीले बलात्कार गरेको मुद्दा गर्दा गरेपछि उनलाई पक्राउ गरेको थियो । बार्सिलोनाको एक उच्च अदालतमा यो मुद्दा चलिरहेको छ । बलात्कार मुद्दा दर्ता गरेकी २३ वर्षीया महिलाले अल्भेजले बारम्बार बलात्कार गरेको प्रहरीसमक्ष बयान दिएकी थिइन् । हाल यस मुद्दासम्बन्धी सुनवाइ भएको छैन ।



> गत जनवरीमा मेक्सिको उड्नुअघि फुटबलर ड्यानी अल्भेजमाथि बार्सिलोनाको एक क्लबमा महिलामाथि बलात्कार गरेको आरोप

आगामी अक्टोबर र नोभेम्बरमा अल्भेजको बलात्कारसम्बन्धी मुद्दाको फैसला हुन सक्छ । स्पेनिस पत्रिका मार्काका अनुसार अल्भेज दोषी ठहरिए कम्तीमा १२ वर्ष जेल सजाय भोग्नुपर्नेछ । अल्भेजले धरौटीमा रिहा हुन राखेको निवेदन पनि अदालतले अस्वीकार गरेपछि उनी थप समस्यामा परेका हुन् । बार्सिलोनाको उच्च अदालतका न्यायाधीशहरूले अल्भेजलाई धरौटीमा रिहा गर्दा उनी देश छाडेर ब्राजिल जान सक्ने जनाएका छन् । स्पेन छाडेर सधैँका लागि ब्राजिलमा अल्भेज जाँदा एक महिलामाथि अन्याय हुने जनाउँदै न्यायाधीशहरूले अल्भेजको धरौटी माग अस्वीकार गरेका हुन् । यद्यपि, अल्भेजले आफू निर्दोष रहेको बताए पनि महिलाले प्रस्तुत गरेको प्रमाण बलियो देखेको मार्काले जनाएको छ । अल्भेजले एक अन्तर्वार्तामा आफूमाथि मुद्दा लगाउने महिलालाई कहिल्यै नदेखेको र नभेटेको दाबी गरेका छन् । ती महिलाले अदालत र प्रहरीसमक्ष झुटो प्रमाण पेस गरेको अल्भेजको भनाइ छ । अल्भेजले पछिल्ला घटनालाई लिएर श्रीमतीसँग एकपटक माफी माग्न चाहेको बताए । 'मेरी श्रीमतीसँग मैले अहिलेसम्म गरेका नराम्रा कामको माफी माग्न चाहन्छु,' आत्मालोचना गर्दै अल्भेजले भनेका छन्, 'मैले जेलमै उनीसँग माफी मागेको थिएँ ।'



नबिल बैंक लिमिटेड, कीर्तिपुर शाखा, काठमाडौं तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/०३/१६)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुलउपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुलउपर हुन नसके वा आंशिक रकम मात्र असुलउपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी र कम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चलअचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुलउपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानतदिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानतदिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समय अवधीभित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलामबिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणीको नाम र ठेगानाको विवरण

सनमान बुढाथोकीको नाति, दिलबहादुर बुढाथोकीको छोरा, दोलखा जिल्ला, गैरीमुदी गा.वि.स. वडा नं. ९ स्थायी घर भई हाल काठमाडौं जिल्ला, कलंकी वडा नं. १४ बस्ने नागरिकता नं. २१०४, (जारी मितिः २०३७/०९/२३, स्थान दोलखा) भएको **श्री नारायण बहादुर बुढाथोकी** ।

जमानतकर्ताको नाम र ठेगानाको विवरण

राजेश शाहकी छोरी, दिल बहादुर बुढाथोकीकी बुहारी, नारायण बहादुर बुढाथोकीकी श्रीमती, दोलखा जिल्ला, कैलेश्वर गाउँ पञ्चायत वडा नं. १ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. १४ बस्ने नागरिकता नं.७८ (जारी मितिः २०४४/११/०२, स्थान दोलखा) भएकी **श्रीमती गायत्री देवी बुढाथोकी** ।

धितोको विवरण

धितोमा रहेको घर जग्गाकोविवरण:

दोलखा जिल्ला, गैरीमुदी गा.वि.स. वडा नं. ९ स्थायी घर भई हाल काठमाडौं जिल्ला, कलंकी वडा नं. १४ बस्ने **श्री नारायण बहादुर बुढाथोकी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको दोलखा जिल्ला, गैरीमुदी गा.वि.स. वडा नं. १ सिट नं. १ मा अवस्थित कि.नं. १११८ क्षेत्रफल ७०२० वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com